का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ असोज २०८३
सोमबार
28 September 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २४९ । पृष्ठ ८ National Daily www.madhyanhadaily.com

# स्वेच्छाचारी पक्राउ अनुसन्धानबिनै रिहा



पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा आइतबार बिहान ३ बजे निवासबाट प्रहरी नियन्त्रणमा परे र करिब ११ घण्टामै परिवारको जिम्मा लगाइए । प्रहरीले सुरक्षा चुनौतीलाई कारण बताए पनि नियन्त्रणको कानुनी आधार र सुरक्षा थ्रेटको विवरण सार्वजनिक भएको छैन । घटनाले प्रहरीको अधिकार र सरकारको आदेशबारे प्रश्न उठाएको छ ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ११ असोज

नेपाल प्रहरीको अपराध अनुसन्धान कार्यालय टेकुको टोलीले आइतबार बिहान ३ बजे मस्त निद्रामा रहेका पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई महाराजगन्जस्थित निवासबाट नियन्त्रणमा लिएर प्रहरी कार्यालय पुऱ्यायो । प्रहरीले जबरामाथि सुरक्षा चुनौती रहेको दाबी गरे पनि उनलाई पक्राउ गरिएको हो वा सुरक्षाका लागि नियन्त्रणमा लिइएको हो भन्ने विषयमै प्रहरीका फरक भनाइ सार्वजनिक भएका छन् ।

झन्डै ११ घण्टापछि आइतबार दिउँसो जबरालाई परिवारको जिम्मा लगाइएको अपराध अनुसन्धान कार्यालयका एसपी रामेश्वर कार्कीले जानकारी दिए । तर नियन्त्रणमा लिनुको वास्तविक कारण भने प्रहरीले स्पष्ट रूपमा सार्वजनिक गरेको छैन । स्रोतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आदेशमा जबरालाई नियन्त्रणमा लिइएको दाबी गरेको छ । उनलाई लिन गएको प्रहरी टोलीसँग पक्राउ पुर्जी वा स्पष्ट कारण नभएको राणाको पारिवारिक स्रोत बताउँछ । प्रहरीले भने जबरालाई सुरक्षा संवेदनशीलताका कारण पृष्ठ २ मा



बिनाप्रमाण पक्राउ गर्ने र छाड्ने प्रवृत्तिले सिंगो प्रहरी संगठनमाथि प्रश्न उठेको छ । माथिको आदेशमा बिनाप्रमाण पक्राउपछि आउने परिणामका बारेमा आदेशकर्ताहरूलाई भन्न सक्नुपर्छ ।

■ **रमेश खरेल**, पूर्वडिआइजी



कुनै जेनजी अभियान, समूह वा व्यक्तिले डर-त्रास वा सुरक्षा खतरा निम्त्याएको छैन । राज्यका निकाय स्वयंले जेनजीलाई आपराधिक गतिविधिसँग जोड्ने र अपराधीकरण गर्न खोज्दै छ ।

■ **अजय सोडारी**
जेनजी अभियान्ता



जसले कानुन र संविधानको व्याख्या गर्छ उसैलाई गैरकानुनी पक्राउ गरिन्छ भने आमसर्वसाधारणले कसरी सुरक्षित महसुस गर्छन् ?

■ **हेमन्त मल्ल**, पूर्वडिआइजी

### 'यो तरिकाले प्रहरीकै मनोबल गिर्छ'

सरकारले पूर्वप्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री लेखकलाई पक्राउ गर्दादेखि नै कमजोरी गरेको र अहिलेसम्म त्यही कमजोरीलाई निरन्तरता दिँदै आएको पूर्वडिआइजी खरेलले बताए । 'सरकारको आदेशमा बिनाप्रमाण उच्च तहका व्यक्तिलाई पक्राउ गर्ने र छाड्ने प्रवृत्तिले सिंगो प्रहरी संगठनमा पृष्ठ २ मा

### आयोगको निर्देशन– अवरोध गर्ने प्रहरीमाथि कारबाही गर्नू

पूर्वप्रधानन्यायाधीश जबरालाई नियन्त्रणमा लिएको विषयमा अनुगमन गर्न पुगेको राष्ट्रिय मानवअधिकार आयोगको टोलीलाई पनि प्रहरीले अवरोध गरेको छ ।

आयोगले आफ्नो संवैधानिक तथा कानुनी अधिकारमाथि अवरोध सिर्जना भएको भन्दै आपत्ति जनाएको पृष्ठ २ मा

## रास्वपाभित्रै उठ्यो प्रश्न

चोलेन्द्रशमशेर जबरालाई के कारणले नियन्त्रणमा लिइयो र के कारणले छाडियो भनेर रास्वपाभित्र आन्तरिक रूपमा मात्रै चासो व्यक्त भएको छैन । कतिपयले सार्वजनिक रूपमै प्रश्न गरेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ असोज

पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई मध्यरातमा निवासबाट प्रहरी कार्यालय लगिएको र दिउँसो छाडिएको घटनाबारे सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अनभिज्ञ छ । अनभिज्ञताकैबीच रास्वपाका नेता/कार्यकर्ताले के कारणले नियन्त्रणमा लिइयो र के कारणले छाडियो भनेर प्रश्न उठाएका छन् । यस्तो प्रश्न आन्तरिक रूपमा उठाएका छन् । कतिपयले सार्वजनिक रूपमै प्रश्न गरेका छन् । रास्वपाका सांसद राजीव खत्रीले सामाजिक सञ्जालमा लेखेका पृष्ठ २ मा



हिजो सभापति रवि लामिछानेमाथि गरिएको अपहरणको शैली पनि गलत थियो र आज चोलेन्द्रशमशेर राणामाथि पनि गलत नै भयो ।

■ **राजीव खत्री**
सांसद, रास्वपा



*नारायणी नदीमा आएको बाढीका कारण नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोट-२ स्थित बोटेटोलमा डुबेको बस्ती । नारायणी नदीको बाढी पस्दा यहाँका ११० घर डुबानमा परेका छन् । तस्बिर : टेकराज पोखरेल/रासस*

# हिम्लुङ हिमालमा हिमपहिरो

- २ जनाको मृत्यु, ८ सर्म्पकविहीन
- देशभर तीन दिनमा २१ जनाले गुमाए ज्यान

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ असोज

मनाङको नार्पाभूमि गाउँपालिका-५ स्थित हिम्लुङ हिमालमा आइतबार बिहान हिमपहिरो गएको छ । पहिरोमा परेर दुईजनाको मृत्यु भएको छ । उनीहरुको शव कैलाश हेलीद्वारा उद्धार गरी प्रादेशिक अस्पताल मनाङमा ल्याइएको छ ।

हिमाल आरोहणमा गएका २२ जना (नौजना पर्वतारोही र १३ जना सहयोगी स्टाफ)मध्ये आठजना बेपत्ता भएका थिए । तीमध्ये १२ जना व्यक्तिहरू फु गाँउमा सम्पर्कमा आएको आठजना अझै सम्पर्कमा नरहेको सशस्त्र प्रहरी बलले जनाएको छ । उनीहरू सबै नेपाली नागरिक हुन् ।

उद्धारका लागि काठमाडौंबाट हेलिकोप्टर मनाङका लागि गएको छ । सशस्त्र प्रहरीका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाले सर्म्पकविहीनको खोजी भइरहेको जनाएका छन् ।

लगातारको अविरल वर्षासँगै आएको बाढी, पहिरोका कारण पछिल्लो तीनमै २१ जनाले ज्यान गुमाएका छन् । प्रधानमन्त्री वालेन्द्र शाहले त्यसबारे जानकारी गराएका छन् । मौसम पूर्वानुमान महाशाखाले वर्षा तथा सम्भावित जोखिमबारे पूर्वानुमान गरेपछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सोही आधारमा तयारी गरेको प्रवक्ता शान्ति महतले बताइन् । जोखिमका आधारमा रेड, एम्बर र एल्लो अलर्ट भएका क्षेत्र पहिचान गरी स्थानीय प्रशासन, सुरक्षा निकाय तथा स्थानीय तहलाई पूर्वतयारी र उद्धारका लागि टोली परिचालन गरिएको महतले जानकारी दिइन् ।

विशेषगरी हिमाली क्षेत्रमा भारी वर्षासँगै हिमपातको सम्भावना देखिएपछि पर्यटक तथा ट्रेकर्सलाई लक्षित गरी छुट्टै सूचना जारी गरिएको उनको भनाइ छ । हालसम्म नौ हजारभन्दा बढी पर्यटकलाई सुरक्षित स्थानमा झारिएको महतले बताइन् ।

प्राधिकरणले अंग्रेजी भाषामा समेत एडभाइजरी जारी गरी विदेशी पर्यटक तथा यात्रुलाई मौसम र जोखिमबारे जानकारी गराएको थियो । महतले सम्भावित जोखिमलाई ध्यानमा राख्दै ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, स्थानीय तहका प्रमुख तथा विपद् प्रतिकार्यमा खटिने अन्य निकायसँग निरन्तर सूचना आदान-प्रदान भइरहेको बताइन् ।

प्राधिकरणले ह्वाट्सएप, भाइबरलगायत डिजिटल माध्यमबाट नदी बेसिन, वर्षाको अवस्था र प्रभावित क्षेत्रबारे नियमित जानकारी संकलन तथा सम्प्रेषण गरिरहेको छ । महतका अनुसार पृष्ठ २ मा

## विपद्मा सामाजिक सञ्जाल

# सहयोगीभन्दा अफवाह धेरै

पटक-पटक फैलाइएका गलत चेतावनीले वास्तविक विपद्को पूर्वसूचनाप्रतिको विश्वास नै कमजोर बनाएको छ । पुराना दृश्य, अतिरञ्जना, अफवाह र एआई सामग्रीले विपद्को सूचना थप जटिल बनाएका छन् । गलत सूचना भ्रम मात्र होइन, संकटमा मानिसको निर्णय र सुरक्षामाथिको जोखिम पनि हो ।



मिडिया र मिडियाकर्मी मात्र होइन, अभियन्ताहरू पनि तथ्य जाँच नगरीकन सामाजिक सञ्जालमा पोस्ट र सेयर गर्दा विश्वास घट्दै गएको छ । गलत सूचना र झुटो सञ्चारले सबैतर्फ अफवाह फैलाउँछ ।

● **दीपक खनाल**
प्रवक्ता
प्रेस काउन्सिल नेपाल



**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ११ असोज

भोटेकोशीको विनाशकारी बाढीपछि प्रभावित क्षेत्रमा मिडिया र सञ्चारकर्मीको अवस्था बुझ्न जाने क्रममा नुवाकोट पुगेर फर्किएपछि प्रेस काउन्सिल नेपालका अध्यक्ष उमेश श्रेष्ठले सामाजिक सञ्जालमा लेखेका थिए, 'मिथ्या सूचनाले ज्यान कसरी लिन सक्छ भन्ने बुझियो ।' उनका अनुसार, १० भदौ बिहान नुवाकोटसम्मै ठुलो बाढी आउँदै छ भन्ने सूचना पुगेको थियो । तर धेरैले पत्याएनन् । किन ? 'पहिले पनि 'ठुलो बाढी आउँदै छ' भन्ने सूचना आउँथ्यो । तर अपेक्षा गरेजस्तो बाढी आउँदैनथ्यो,' श्रेष्ठले लेखेका थिए, 'पटक-पटकको गलत वा अतिरञ्जित चेतावनीले मानिसको विश्वास कमजोर बनाइसकेको थियो । ठ्याक्कै 'बाघ आयो, बाघ आयो' भन्ने कथाजस्तै साँच्चिकै बाघ आउँदा पृष्ठ २ मा

### कसैको पीडा 'कन्टेन्ट' होइन

विपत्तिमा परेका नागरिकको चित्कार, त्रास र पीडालाई 'भ्युज' र 'कन्टेन्ट' बनाउने प्रवृत्तिप्रति प्रश्न उठाउँदै प्रेस काउन्सिल नेपालको अध्ययनले सञ्चारमाध्यम तथा गैरमिडिया क्षेत्रमा गम्भीर आचारसंहिता उल्लंघन भएको देखाएको छ ।

काउन्सिलका अनुसार, रसुवा बाढीसम्बन्धी १४५ वटा सञ्चार सामग्रीको सूक्ष्म अध्ययन गर्दा विपद्का बेला नागरिकको संवेदनशीलतामाथि खेलबाड गरिएका कुल २४३ वटा आचारसंहिता उल्लंघन फेला परेका हुन् । एउटै सामग्रीभित्र एकभन्दा बढी आचारसंहिता उल्लंघनका प्रकृति समावेश भएको पाइएको पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसियामा कामदारको तलब ३१ सय रिंगेट पुऱ्याउन माग

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, ११ असोज

मलेसियाली ट्रेड्स युनियन कांग्रेस (एमटियुसी)ले श्रमिकको न्यूनतम ज्यालामा ८२ प्रतिशतभन्दा बढीले वृद्धि गर्न माग गरेको छ । हाल मलेसियामा कार्यरत स्वदेशी तथा विदेशी सबै श्रमिकको न्यूनतम ज्याला १ हजार ७ सय रिंगेट छ । एमटियुसीले मलेसियाको आगामी बजेटमा हालको तलबमा ८२ प्रतिशतभन्दा बढीले वृद्धि गरी ३ हजार १ सय रिंगेट पुऱ्याउन माग गरेको हो ।

हाल मलेसियामा ४ लाखभन्दा बढि नेपाली श्रमिक वैधानिक हैसियतमा कार्यरत छन् । उनीहरू प्रत्येकले प्रतिमहिना १ हजार ७ सय रिंगेट अर्थात् ६४ हजार रुपैयाँ हाराहारीमा तलब पाइरहेका छन् । मागअनुसार तलब बढेमा उनीहरूले मासिक १ लाख १६ हजार रुपैयाँभन्दा बढी पाउने छन् । प्रत्येक वर्षको जनवरी १ देखि मलेसियाको आर्थिक वर्ष प्रारम्भ हुने गरेको छ ।

मलेसियामा २०२६ को अन्त्यतिर वा २०२७ को सुरुतिर आम चुनाव हुने आकलन छ । चुनावका कारण पनि न्यूनतम तलब बढ्ने कतिपयको आकलन छ ।

एमटियुसीले हालको ज्यालाले कम्पनीहरूले प्राप्त गरेको उत्पादकत्व र नाफामा भएको वृद्धिसँग तालमेल नमिलेको बताएको छ । मलेसियाका उद्योगहरूले आकर्षक नाफा कमाएको भन्दै एमटियुसीले उक्त नाफामा श्रमिकहरूको पनि हिस्सेदारी हुनुपर्ने बताएको छ । एमटियुसीका महासचिव कमरुल बहरिन मन्सोरले निजी क्षेत्रलाई त्यसो गर्न दबाब दिनुअघि सरकारसँग पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
१२ असोज २०८३ सोमबार
28 September 2026 Monday

# एनसिसी कतारले 'स्नेह मिलन' गराउँदै

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, ११ असोज



कतारमा लामो समयदेखि परिवारबाट टाढा रहेर न्यून तलबमा कार्यरत नेपाली श्रमिकलाई परिवारसँग पुनर्मिलन गराउने उद्देश्यले 'स्नेह मिलन २०२७ सिजन १' अभियान सञ्चालन गरिने भएको छ। एनआरएनए एनसिसी कतारको आयोजनामा भिक्टोरिया गोल्ड एन्ड डायमन्डको मुख्य प्रायोजन तथा क्युएफएम रेडियो नेटवर्कको सहकार्यमा सञ्चालन हुने अभियानअन्तर्गत १० जना नेपाली श्रमिकका परिवारलाई कतार भ्रमणमा ल्याइने भएको हो।

शनिबार साँझ आयोजित बिजनेस मिटअपमा अभियानबारे जानकारी दिँदै एनआरएनए एनसिसी कतारका अध्यक्ष कृष्ण पन्थीले नजिकिँदै गरेको दीपावली भित्र कार्यक्रम सम्पन्न गर्ने लक्ष्य रहेको बताए। परिवारका सदस्यलाई कतार ल्याएपछि विमानस्थल स्वागत, आवतजावत हवाई टिकट, तारे होटेलमा बसोबास तथा कतार भ्रमणको व्यवस्थासहित पुनःविमानस्थलसम्म पुर्‍याउने व्यवस्था गरिने उनले जानकारी दिए। कार्यक्रममा नेपाली राजदूतावासकी द्वितीय सचिव स्मारिका सुवेदीले परिवारसँग छोटो समयका लागि भए पनि पुनर्मिलन गराउने अवसर आर्थिक रूपमा कठिन अवस्थामा रहेका श्रमिकका लागि अर्थपूर्ण हुने बताइन्। उनले 'स्नेह मिलन'ले नेपाली समुदाय र व्यवसायी क्षेत्रलाई सहकार्य, करुणा र सामाजिक उत्तरदायित्वको भावनासँग जोड्ने विश्वास व्यक्त गरिन्।

एनआरएनए आइसिसीका सचिव पदम गिरीले आफू एनसिसी कतारको अध्यक्ष हुँदा भिक्टोरिया गोल्ड एन्ड डायमन्डका सञ्चालकसँग अभियानको प्रस्ताव अघि बढाएको स्मरण गर्दै अहिले कार्यान्वयनको चरणमा पुगेकोमा खुसी व्यक्त गरे। एनआरएनए आइसिसीका उपमहासचिव मोहम्मद मुक्तदा मुसलमानले अभियानले लामो समयदेखि परिवारबाट टाढा रहेका नेपालीलाई पारिवारिक सम्बन्धसँग जोड्ने काम गर्ने बताए। उनले नेपालमा हालै आएको बाढीबाट प्रभावितका लागि भिक्टोरिया ज्वेलर्सका सञ्चालक मोहम्मद फैसलले गरेको १० लाख रुपैयाँ सहयोगप्रति पनि आभार व्यक्त गरे।

भिक्टोरिया ज्वेलर्सका प्रतिनिधि रोशन अर्यालले कम्पनीले व्यवसायसँगै सामाजिक तथा मानवीय सेवामा योगदान गर्दै आएको बताए। भिक्टोरियाका करिब ७० प्रतिशत ग्राहक नेपाली रहेको र दुई सयभन्दा बढी नेपालीले रोजगारी पाइरहेको उल्लेख गर्दै उनले समुदायप्रतिको जिम्मेवारीअनुसार विपद् तथा सामाजिक क्षेत्रमा सहयोग गर्दै आएको जानकारी दिए। नेपालका दुर्गम क्षेत्रका समस्याग्रस्त विद्यालयको पुनर्निर्माण तथा सहयोगका लागि ६० लाख रुपैयाँभन्दा बढी योगदान गर्ने योजना रहेको पनि उनले बताए। अभियान सञ्चालनका लागि एनआरएनए एनसिसी कतार, भिक्टोरिया गोल्ड एन्ड डायमन्ड्स र क्यूएफएम रेडियो नेटवर्कबिच त्रिपक्षीय सम्झौता भइसकेको आयोजकले जनाएको छ। क्यूएफएमका प्रमुख कार्यकारी अधिकृत अनवर हुसेनले रेडियोले यसअघि मलयाली समुदायका परिवारलाई पुनर्मिलन गराउने 'फर माई लभ' अभियान सञ्चालन गरेको र सोही अभियानबाट प्रेरित भएर नेपाली समुदायका लागि 'स्नेह मिलन' सुरु गर्न लागिएको बताए।

एनआरएनए एनसिसी कतारले अभियानका लागि योग्य परिवारको पहिचान गर्नेछ। लामो समयदेखि कतारमा कार्यरत तथा आर्थिक अवस्थाका कारण परिवारलाई कतार ल्याउन नसकेका श्रमिकका परिवारलाई प्राथमिकतामा राखिने आयोजकले जनाएको छ। योग्य परिवारको नाम तथा सुझाव दिन समुदायलाई आग्रह गर्दै छिट्टै पत्रकार सम्मेलन र थप सूचना प्रकाशन गरी जानकारी दिइने बताइयो। आयोजकका अनुसार अभियानलाई व्यावसायिक कार्यक्रमभन्दा पारिवारिक पुनर्मिलन र सामाजिक उत्तरदायित्वमा केन्द्रित पहलका रूपमा अघि बढाइनेछ।

मिटअपमा क्यूएफएमका प्रमुख कार्यकारी अधिकृत अनवर हुसेन, भिक्टोरिया गोल्ड एन्ड डायमन्ड्सका सञ्चालक मोहम्मद फैसल, हिमालयन एयरलाइन्सका कतार प्रमुख मनीष कोइराला, नेपाली व्यवसायी संघ कतारका उपाध्यक्ष राज रेग्मी, महासचिव शंकर न्यौपाने सहित व्यवसायी तथा सामाजिक अगुवाको सहभागिता थियो।

## स्वेच्छाचारी...

कार्यालयमा ल्याइएको जनाएको छ। सार्वजनिक विवरणअनुसार जबराविरुद्ध उपत्यका अपराध अनुसन्धान कार्यालयमा उजुरी परेको भनिए पनि त्यसको विस्तृत विवरण सार्वजनिक गरिएको छैन।

पूर्वप्रधानन्यायाधीश प्रहरी नियन्त्रणमा परेको यो नेपालको न्यायिक इतिहासमै पहिलो घटना हो। त्यसैले घटनाले व्यापक चर्चा पायो। नियन्त्रणमा लिएको करिब १२ घण्टा नपुग्दै जबरा रिहा भएपछि उनलाई कुन आधारमा नियन्त्रणमा लिइयो र किन तत्काल छाडियो भन्ने प्रश्नसमेत उठेको छ।

कानुनको व्याख्या गर्ने सर्वोच्च निकायको नेतृत्व गरिसकेका अवकाशप्राप्त व्यक्तिलाई नियन्त्रणमा लिएपछि त्यसको आधारसमेत स्पष्ट गर्न नसकिएको भन्दै सरकारको कार्यशैलीप्रति सरोकारवालाले प्रश्न उठाएका छन्। नेपाल प्रहरीका पूर्वडिआइजी रमेश खरेलले पूर्वप्रधानन्यायाधीश जबरालाई नियन्त्रणमा लिने सरकारको शैलीप्रति प्रश्न उठाएका छन्। सुरक्षा चुनौती भए सुरक्षा दिनु सरकारको दायित्व भएको भन्दै उनले सुरक्षाका नाममा हिरासतमा ल्याउने कुरा गलत भएको बताए।

'उहाँ (जबरा)लाई सुरक्षा चुनौती हो भने सुरक्षा दिनुपर्ने सरकारको दायित्व हो, तर सुरक्षाका नाममा हिरासतमा ल्याउने भन्ने कुरा गलत छ,' उनले भने, 'यो माथिकै आदेश हुनुपर्छ, प्रहरीले पनि यस्ता घटनामा ठीक/बेठिक छुट्याएर बिनाप्रमाण पक्राउपछि आउने परिणामका बारेमा आदेशकर्तालाई भन्न सक्नुपर्छ।'

सरकारको मौखिक आदेशमा नेपाल प्रहरीले बिनाप्रमाण र बिनापक्राउ पुर्जी पक्राउ गर्दै जाने अभियान सरकारको कच्चा काम भएको खरेलको दाबी छ। कुनै विषयमा अनुसन्धान गर्न प्रहरीले जो-कोहीलाई ल्याउन सक्ने भए पनि त्यसका लागि न्यूनतम आधार, प्रमाण र पक्राउ पुर्जी अनिवार्य हुनुपर्ने उनले बताए। 'अपराधजन्य अनुसन्धानका लागि प्रहरीले जोसुकैलाई पक्राउ गर्ने अधिकार राख्छ,' खरेलले मध्यान्हसँग भने, 'तर केही न केही प्रमाण जुटाउनैपर्छ।'

उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी अधिकारीले भने 'उनीविरुद्ध केही विषयमा उजुरी परेको' भन्ने जवाफ दिएका छन्। तर उजुरीको विस्तृत विवरण खुलाएका छैनन्। जबराको नियन्त्रण र त्यसको करिब १२ घण्टामै भएको रिहाइलाई लिएर सरकार र नेपाल प्रहरीको कार्यशैलीमाथि प्रश्न उठेको छ।

**'जेनजीबाट सुरक्षा थ्रेट'को दाबी**

प्रहरीले पूर्वप्रधानन्यायाधीश जबरामाथि जेनजीबाट सुरक्षा संवेदनशीलता रहेको बताएपछि जेनजी अभियन्ताहरूले त्यसको प्रतिकार गरेका छन्। जबरालाई 'जेनजीबाट सुरक्षा थ्रेट' रहेको प्रहरीको भनाइप्रति जेनजी अभियन्ता अजय सोडारीले कुनै किसिमको धम्की वा सुरक्षा खतरा नरहेको दाबी गरे। 'कुनै पनि जेनजी अभियान, समूह वा व्यक्तिले पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई कुनै किसिमको धम्की, डर-त्रास वा सुरक्षा खतरा दिएको छैन र यसबारे हाम्रो जानकारीमा पनि केही छैन,' उनले भने।

सरकारले जेनजी आन्दोलनलाई अपराध, हिंसा वा धम्कीसँग जोडेर बदनाम गर्ने दुष्प्रयास गरेको भन्दै त्यस्तो कार्य स्वीकार्य नहुने उनले चेतावनी दिए।

सरकार र प्रहरीलाई 'जेनजीबाट सुरक्षा थ्रेट' भनिएको आधार र प्रमाण सार्वजनिक गर्न सोडारीले माग गरे। 'राज्यका निकाय स्वयंले जेनजीलाई आपराधिक गतिविधिसँग जोड्ने र अपराधिकरण गर्ने योजनामा छन्,' उनले भने।

पक्राउ र रिहाइको शृंखला

जबरामात्र होइन, सरकारले यसअघि पनि उच्चपदस्थ व्यक्ति र उच्च घरानाका व्यवसायीमाथि धरपकड गर्दै आएको छ। गत जेठ २१ गते उपराष्ट्रपति कार्यालयका सचिव कृष्णहरि पुष्करलाई प्रहरीले नियन्त्रणमा लिएर करिब सात घण्टा केरकारपछि छाडेको थियो। प्रधानमन्त्री वालेन्द्र शाहलाई व्यक्तिगत सन्देश पठाएको विषयमा केरकारमा परेका उनलाई सचिवको जिम्मेवारीबाट अलग गरी जगेडामा राखिएको थियो। उनी असार २४ मा अवकाश भइसकेका छन्।

पूर्वप्रधानन्यायाधीश जबराको पक्राउ र रिहाइलाई सोही घटनाको अर्को शृंखलाका रूपमा हेरिएको छ।

जेनजी आन्दोलनले ल्याएको राजनीतिक परिवर्तनपछि नयाँ जनमतबाट आएको दुईतिहाइ बहुमतप्राप्त सरकारले ६ महिनाको अन्तरालमा विभिन्न क्षेत्रका २० भन्दा बढी उच्चपदस्थ व्यक्तिलाई पक्राउ गरेको छ। अधिकांश पक्राउ स्वेच्छाचारी ढंगले भएको भन्ने आरोप पक्राउ परेका व्यक्तिलाई अदालतले तत्कालै छाडेका घटनाले पुष्टि गर्दै आएको छ।

सरकारको मौखिक आदेशमा नेपाल प्रहरीले बिनाप्रमाण र बिनापक्राउ पुर्जी पक्राउ गर्ने, केही समय हिरासतमा राख्ने र छाड्ने काम अभियानकै रूपमा अघि बढाएको आरोपसमेत लागेको छ। प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले शपथ लिएको २४ घण्टा नबित्दै पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरेको थियो। जेनजी आन्दोलनमा दमन गरेको आरोपमा जाँचबुझ आयोगको प्रतिवेदनका आधारमा उनीहरूलाई पक्राउ गरिएको थियो। उनीहरूलाई १३ दिनसम्म हिरासतमा राखेर अदालतको आदेशमा हिरासतमा राख्नु नपर्ने भन्दै छाडियो।

ओली र लेखकको पक्राउपछि एक सातासम्म विभिन्न व्यवसायीहरू पक्राउ पर्न थाले। अघिल्ला सरकारका पालामा रोकिएका अनुसन्धानका फाइल अघि बढाएर धमाधम कारबाही गर्ने बताएको बालेन सरकारले पक्राउ गरेका बिचौलिया दीपक भट्टबाहेक अधिकांश व्यापारी कैफियत नभेटिएपछि छुटेका थिए।

एक सातापछि पक्राउको शृंखला बन्द गरेको सरकारले पछिल्लोपटक मेडिकल व्यवसायी एवं 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपाल'का संयोजक दुर्गा प्रसाईंलाई पटक-पटक पक्राउ गर्दै छाड्दै आएको थियो। प्रहरीले अभियानकै रूपमा उनको पक्राउ र रिहाइ चलाएको देखिन्छ। कुनै कारण र प्रमाणबिना आफूविरुद्ध सरकारले प्रतिशोधपूर्ण व्यवहार गर्दै आएको उनको भनाइ छ।

सरकारले पछिल्लोपटक गत असोज ४ गते राजनीतिक विश्लेषक भरत दाहाललाई मोरङको बेलबारीबाट पक्राउ गरेको थियो। साइबर ब्युरोका प्रवक्ता दिलीपकुमार गिरीका अनुसार दाहालले आफ्नै युट्युब च्यानलमार्फत विभिन्न विषयमा तथ्यहीन तथा भ्रामक अभिव्यक्ति प्रसारण तथा प्रकाशन गरेको उजुरीका आधारमा उनलाई पक्राउ गरिएको थियो। उनी पनि अदालतको परमादेशबाट छुटिसकेका छन्।

सर्वोच्च अदालतमा परेको बन्दी प्रत्यक्षीकरणको रिटमा न्यायाधीशद्वय कुमार रेग्मी र मेघराज पोखरेलको संयुक्त इजलासले दाहाललाई रिहाइको आदेश दिएपछि उनी छुटेका हुन्।

## यो तरिकाले...

समेत प्रश्न उठेको छ। यसले स्वयं प्रहरीको मनोबल समेत गिर्छ,' उनले भने।

कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा र पत्नी आरजु राणा देउवाविरुद्ध सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई इन्टरपोलबाट रेडकर्नर नोटिस जारी गर्न दबाब दिइएको थियो। देउवा स्वदेश फर्किएपछि भने उनीविरुद्ध चलिरहेको भनिएको अनुसन्धान सेलाएको छ। यो घटनालाई पनि सरकार सञ्चालनकर्ताको कार्यशैलीसँग जोडेर सुरक्षा विश्लेषकहरू टिप्पणी गर्छन्।

उक्त रेड नोटिस इन्टरपोल मुख्यालयले अस्वीकार गरेपछि सरकारको परिपक्वतामाथि प्रश्न उठेको उनीहरूको भनाइ छ। पाँचपटक प्रधानमन्त्री भइसकेका देउवा र पूर्वपरराष्ट्रमन्त्री आरजु राणाविरुद्ध सम्पत्ति शुद्धीकरण विभागले चैत २४ गते पक्राउ पुर्जी जारी गरेको थियो। सोही आधारमा उनीहरूलाई अन्तर्राष्ट्रिय स्तरमा खोजी सूचीमा राख्न रेड कर्नर नोटिस जारी गर्न पहल गरिए पनि इन्टरपोल मुख्यालयबाट उक्त प्रस्ताव अस्वीकार भएपछि प्रहरी पछि हटेको थियो।

पूर्वडिआइजी हेमन्त मल्लले एकपछि अर्को गर्दै बिनाप्रमाण र बिनापुर्जी राज्यका पूर्वविशिष्टलाई पक्राउ गर्नु कानुनीराजको मर्मसँग मेल नखाने बताए। सरकारको पक्राउ गर्ने शैलीले नागरिक सुरक्षामाथि समेत प्रश्न उठेको उनको दाबी छ। 'सरकारले नै कहिले कसलाई समाउँछ भन्ने नागरिकमा त्रास बढेको छ भने प्रहरीप्रति अविश्वास र असुरक्षा बढाएको छ,' उनले मध्यान्हसँग भने।

मल्लका अनुसार मानवअधिकार आयोगका पदाधिकारीलाई समेत भेट्न नदिएको जबराको घटनाले अन्तर्राष्ट्रिय रूप लिन सक्ने अवस्था छ। सरकारका गतिविधि कानुनीभन्दा पनि राजनीतिक रूपमा अघि बढेको आशंका व्यक्त गर्दै उनले भने, 'यो कानुनी कुराभन्दा राजनीतिक कुरा हो। सरकारले कानुनबाहिर गएर आदेश दिन्छ र प्रहरीले त्यही आदेश मान्छ भने सरकार र प्रहरीप्रति आमअविश्वास बढ्छ।'

सरकार नै गैरकानुनी कार्यमा उद्यत देखिएको मल्लको टिप्पणी छ। 'जसले कानुन र संविधानको व्याख्या गर्छ उसैलाई गैरकानुनी पक्राउ गरिन्छ भने आमसर्वसाधारणले कसरी सुरक्षित महसुस गर्छन्?' उनले प्रश्न गरे।

सरकारले पक्राउ गरेका अधिकांश घटना बिनाप्रमाण र स्वेच्छाचारी ढंगले अघि बढेको उनको आरोप छ।

'गम्भीर कानुनी उल्लंघन'

नेकपा एमाले महासचिव शंकर पोखरेलले बिनाप्रमाण र बिनाअभियोग व्यक्तिहरू पक्राउ गर्नु कानुनको गम्भीर उल्लंघन भएको टिप्पणी गरेका छन्। पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई नियन्त्रणमा लिएको विषयलाई लिएर सरकारको आलोचना गर्दै उनले भने, 'बिना कुनै प्रमाण र अभियोग पूर्वप्रधानन्यायाधीशलाई गरिएको गिरफ्तारी नेपालको प्रचलित कानुन र न्याय प्रणालीको गम्भीर उल्लंघन हो। यो हाम्रो संविधान, लोकतान्त्रिक व्यवस्था र विधिको शासनको मर्मविपरीतको काम हो।'

गैरकानुनी र स्वेच्छाचारी कार्यलाई समर्थन गर्नु प्रत्यक्ष रूपमा तानाशाही प्रवृत्तिलाई प्रश्रय दिनु भएको भन्दै उनले सबैले यसको विरोध गर्नुपर्नेमा जोड दिएका छन्।

## आयोगको...

छ। आइतबार जारी विज्ञप्तिमार्फत आयोगले अवरोध सिर्जना गर्ने प्रहरी कर्मचारीलाई कानुनी दायरामा ल्याउन सरकारसँग आग्रह गरेको हो।

आयोगका अनुसार जबरालाई आइतबार राति महाराजगन्जस्थित निवासबाट प्रहरीले पक्राउ गरी टेकुस्थित प्रहरी परिसरमा राखेको थियो। प्रहरीले सुरक्षा चुनौती भएपछि ल्याइएको बताएपछि आयोग अनुगमन गर्न गएको थियो। जबराको अवस्था बुझ्न आयोगको टोली टेकु पुगे पनि प्रहरीले जबरासँग भेट गर्न अनुमति दिएको थिएन। 'संवैधानिक तथा कानुनी दायित्व पूरा गर्ने कार्यमा अवरोध सिर्जना गर्ने प्रहरी कर्मचारीलाई कानुनी दायरामा ल्याउन र आयोगलाई प्राप्त संवैधानिक तथा कानुनी अधिकारको सम्मान गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ,' आयोगले भनेको छ, 'अनुगमनका लागि प्रहरीको उच्च नेतृत्वसँग कुरा गर्दा के-कति कारणले आयोगको टोलीलाई अनुगमन गर्न नदिएको हो, यस विषयमा समेत टोलीलाई जानकारी दिइएन।'

राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ को दफा ४(क)ले आयोगलाई आवश्यकताअनुसार सार्वजनिक तथा निजी संस्था वा अन्य स्थानको निरीक्षण र अनुगमन गर्ने अधिकार दिएको छ।

## रास्वपाभित्रै...

छन्, 'चोलेन्द्र पक्राउबारे प्रहरीले भन्यो, सुरक्षा थ्रेट। तर पक्राउको कारण गोप्य राखेर छोडियो भनियो। चोलेन्द्रमाथिको सुरक्षा खतरा कसरी टर्‍यो पत्तै पाइएन।'

जबरालाई प्रहरीले शनिबार राति घरबाट नियन्त्रणमा लिएको थियो। दिउँसो छाडेको छ। तर कुन कसुर र के पुर्जीका आधारमा समातिएका हुन् भन्नेबारे प्रहरीले प्रस्ट खुलाएको छैन। अनि के भनेर छाडियो यो पनि केही भनिएको छैन। यसैलाई आधार बनाएर रास्वपाभित्रै प्रश्न उठेको हो।

छाड्नुअगाडि विभिन्न सञ्चारमाध्यमसँग कुरा गर्दै अपराध अनुसन्धान कार्यालयका एसएसपी सन्तोष खड्काले जबरामाथि भौतिक आक्रमण हुनसक्ने सूचना आएको र तत्काल सुरक्षा दिनुपर्ने भएकाले उनलाई कार्यालय ल्याइएको बताएका थिए।

प्रहरीको यही स्पष्टीकरणले रास्वपाभित्र प्रश्न जन्माएको हो। सुरक्षा खतरा देखिएको अवस्थामा राज्यले व्यक्तिको सुरक्षा सुनिश्चित गर्नुपर्ने भए पनि त्यसका लागि निवासबाटै सुरक्षाकर्मी थप्न सकिने विकल्प हुँदाहुँदै प्रहरी कार्यालय लैजानुको औचित्य के थियो भन्ने प्रश्न उठेको छ।

चौतर्फी दबाबपछि प्रहरीले जबरालाई छाडेको छ र अब निवासमै सुरक्षा दिने बताएको छ। आफूलाई निवासमै सहज हुने बताएपछि घरमै सुरक्षा व्यवस्था मिलाउने निर्णय भएको भनिएको छ।

प्रहरीले आइतबार दिउँसो जबरालाई परिवारको जिम्मा लगाएर घर पठाएको हो। त्यसपछि पनि उनको निवासमा सुरक्षा व्यवस्था मिलाउने तयारी गरिएको छ।

कतिपयले जबरामाथि पछिल्लो समय उठेको राजनीतिक तथा न्यायिक विवादको पृष्ठभूमि देखाएका छन्। उनीविरुद्ध प्रतिनिधिसभामा दर्ता भएको महाभियोग प्रस्ताव लामो समय टुंगोमा पुग्न सकेको थिएन। सर्वोच्च अदालतको संवैधानिक इजलासले गत भदौ २४ गते महाभियोगको औचित्य समाप्त भएको भन्दै त्यससम्बन्धी रिट खारेज गरेको थियो।

त्यसको केही समयपछि नै पूर्वप्रधानन्यायाधीशलाई मध्यरातमा प्रहरी कार्यालय लगिएको हो। यसकारण पनि रास्वपाभित्र यसले तरंग पैदा गरेको नेताहरू बताउँछन्।

यो घटनालाई विगतमा रास्वपा सभापति लामिछाने पक्राउ परेको घटनासँग समेत कतिपयले जोडेका छन्। 'कुनै नागरिकले असुरक्षा महसुस गरे सुरक्षाको प्रत्याभूति गराउने काम राज्यको हो। तर प्रहरीले जसरी अपहरणको शैलीमा घरबाट उठायो यो तरिका सही भएन,' रास्वपा सांसद खत्री लेख्छन्, 'हिजो सभापति रवि लामिछानेमाथि गरिएको अपहरणको शैली पनि गलत थियो र आज चोलेन्द्रशमशेर राणामाथि पनि गलत नै भयो।'

चोलेन्द्रका कर्मलाई लिएर हजार प्रश्न गर्न सकिने र नैतिक तथा आर्थिक पतन भएको छ भने बेहिसाब समातिनुपर्ने उनको आग्रह छ। तर पक्राउ पुर्जीसमेत नदिई मध्यरातमा समात्नु गलत भएको उनको भनाइ छ।

अगाडि लेख्छन्, 'आइ एम द मोनार्क अफ अल आइ सर्भे' भनियो भने सरकार र कानुनप्रतिको भरोसा भुत्ते हुन्छ।' अर्थात्, 'मै राजा हुँ, मैले भनेपछि भयो' भनियो भने त्यो कानुनी शासन नहुने खत्रीको आग्रह छ।

## हिम्लुङ...

गण्डकी र लुम्बिनी प्रदेशलाई जोखिमयुक्त क्षेत्रका रूपमा पहिचान गरिएको थियो। कालीगण्डकी र नारायणी नदी बेसिनमा कतिपय स्थानमा अति भारी वर्षा भएपछि नदीको बहाव बढेको र कटानसमेत भएको उनले बताइन्। प्राधिकरणका अनुसार नवलपुर, चितवन, पाल्पा, पर्वतलगायत जिल्लामा बाढी, कटान र पहिरोको जोखिम देखिएको छ। पर्वतमा केही घर बाढीले बगाएको छ। तर स्थानीय प्रशासनले जोखिमयुक्त बस्तीका बासिन्दालाई समयमै सुरक्षित स्थानमा सारेकाले मानवीय क्षति हुन नपाएको प्राधिकरणकी प्रवक्ता महतले बताइन्।

उनका अनुसार नवलपरासी क्षेत्रमा पनि एक हजार एक सयभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ। बाढी तथा पहिरो प्रभावित क्षेत्रमा उद्धार कार्य जारी रहेको उनले बताइन्। म्याग्दीमा उद्धारका लागि दुईवटा हेलिकोप्टर परिचालन गरिएको छ।

उद्धारपछि सुरक्षित स्थानमा राखिएका नागरिकका लागि खाना तथा अन्य आवश्यक सामग्रीको व्यवस्थापन स्थानीय तह, जिल्ला प्रशासन कार्यालय र प्रदेश सरकारसँगको समन्वयमा भइरहेको छ।

स्थानीय तथा प्रदेशस्तरका गोदाममा रहेका सामग्रीसँगै प्राधिकरणको केन्द्रीय गोदाम र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित गोदामबाट समेत आवश्यकताअनुसार राहत सामग्री पठाइरहेको प्राधिकरणले जनाएको छ।

महतका अनुसार तत्कालको जोखिम भने अझै टरेको छैन। आइतबार रातिसम्म केही क्षेत्रमा वर्षा जारी रहन सक्ने भएकाले नदीको बहाव थप बढ्ने र बाढी पहिरो आउने खतरा रहेको उनले बताइन्।

## सहयोगीभन्दा...

कसैले पत्याएन।' पटक-पटक सतर्क हुँदा पनि भनिएजस्तो बाढी नआएपछि प्रभावित क्षेत्रका स्थानीयवासीमा पूर्वसूचनाप्रतिको विश्वास कमजोर भइसकेको थियो।

त्यही अविश्वास भदौ १० गते महँगो साबित भयो। विनाशकारी बाढीमा १ हजार ४५३ जनाले ज्यान गुमाए। ५ हजार २८५ अझै बेपत्ता छन्।

भोटेकोशी बाढीपछि 'गृहमन्त्री सुधन गुरुङ आफैं सुरुङभित्र पुगेर उद्धारमा खटिए' भन्दै एउटा भिडियो सामाजिक सञ्जालमा भाइरल भयो। तथ्यजाँचबाट उक्त भिडियो नेपालको नभई भारतको उत्तराखण्डस्थित पिपलकोटीमा भएको सुरुङ दुर्घटनाको उद्धार दृश्य भएको पुष्टि भयो। भारतीय फायर सर्भिसले उक्त भिडियो अगस्ट १४मै सार्वजनिक गरेको थियो।

विपद्का बेला सामाजिक सञ्जालमा फैलिने सामग्रीले पीडित परिवारलाई प्रत्यक्ष रूपमा समेत असर पार्ने गरेको छ। रसुवामा आएको बाढीले एक किशोरीका बुबालाई बगाएर खोलाको किनारमा पुर्‍यायो। कसैले शवको भिडियो बनाएर सामाजिक सञ्जालमा पोस्ट गरे। विदेशमा रहेकी ती किशोरीले आफ्नो बुबालाई नचिन्ने कुरै भएन। अतिरञ्जित शीर्षक र व्याख्यासहित सामाजिक सञ्जालभर भाइरल भएको उक्त भिडियो देखेर उनी भावविह्वल भइन् र भिडियो डिलिट गर्न अनुरोध गरिन्।

भिडियो खिच्नेले डिलिट गरे पनि सयौंले सेयर र डाउनलोड गरिसकेकाले त्यो पूर्ण रूपमा हट्न सकेन। 'हामी यसै पनि अत्यन्त कठिन र पीडादायी अवस्थाबाट गुज्रिरहेका छौं, बुबाको भिडियो जताततै देख्दा भावनात्मक रूपमा झन् गाह्रो भयो, यथार्थ हो, तर छोरी भएर म अब यो हेर्न सक्दिनँ,' उनले फेसबुकमा स्टाटस लेख्दै अनुरोध गरेकी थिइन्।

यस्ता घटनाकै बीच प्रेस काउन्सिल नेपालले आमसञ्चारमाध्यम र सामाजिक सञ्जालका सामाग्रीको अनुगमन गरेको थियो। भाइरल भएका कुनै पनि तस्बिर, भिडियो वा दृश्यलाई आफ्नो सञ्चारमाध्यम तथा आधिकारिक सामाजिक सञ्जालबाट पुनः प्रकाशन वा प्रसारण गर्नुअघि त्यसको सत्यता, स्रोत, स्थान, समय र सन्दर्भ अनिवार्य रूपमा जाँच गर्न आग्रह गर्दै आएको छ। विपद् तथा संवेदनशील परिस्थितिमा पुराना, असम्बन्धित वा अर्कै स्थानका दृश्यसमेत गलत दाबीका साथ फैलिन सक्ने भएकाले सञ्चारमाध्यमले थप सतर्कता अपनाउन भनेको थियो। छिटो सूचना दिने प्रतिस्पर्धाभन्दा सही र पुष्टि भएको सूचना दिनु पहिलो जिम्मेवारी भएकाले सबै सञ्चारमाध्यम तथा पत्रकारलाई तथ्य पुष्टि गरेर मात्र सामग्री सम्प्रेषण गर्न अनुरोध गरिएको प्रेस काउन्सिलका प्रवक्ता दीपक खनाल बताउँछन्।

अतिरञ्जित घटनाले पत्रकार र सञ्चारमाध्यमको विश्वसनीयता घटाएको उल्लेख गर्दै उनी भन्छन्, 'मिडिया र मिडियाकर्मी मात्र होइन, अभियन्ताहरू पनि तथ्य जाँच नगरी सामाजिक सञ्जालमा पोस्ट र सेयर गर्दा विश्वास घट्दै गएको छ।'

गलत सूचनाले झुटो सञ्चारमार्फत सबैतर्फ अफवाह फैलाउने गरेको उनले बताए। काउन्सिलले आचारसंहिताको दफा ११ विपद्सम्बन्धी सम्पादकीय निर्देशिकाअनुसार प्रत्येक दिन अनुगमन तथा निरीक्षण गरेको थियो।

**'कन्टेन्ट' बनाउने होड**

भोटेकोशी बाढीसम्बन्धी भदौ महिनाको सञ्चार अनुगमनमा कुल २३३ वटा सामग्रीमा आचारसंहिता उल्लंघन भएको पाइएको थियो। जसमध्ये मूलधारका मिडियाका ९१ वटा र पत्रकारका ४१ वटा सामग्री रहेका थिए। सबैभन्दा धेरै १०१ वटा उल्लंघन गैर-मिडिया अर्थात् सोसल मिडिया पेज तथा डिजिटल ह्यान्डलहरूबाट भएका थिए।

यसले आचारसंहिता बेवास्ता गर्दै गैर-जिम्मेवार रूपमा सामग्री उत्पादन भइरहेको पुष्टि गर्छ। काउन्सिलको अनुगमनपछि निर्देशन पालना गर्ने निकाय/व्यक्ति २०७ वटा रहेका छन् भने १९ वटाले अझै निर्देशन पालना नगरेको प्रतिवेदनमा उल्लेख छ।

सामाजिक सञ्जाल नियमन तथा व्यवस्थापनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण र गृह मन्त्रालयका प्रतिनिधि समेटिएको संयुक्त टोलीले काम गरिरहेको छ। प्राधिकरणले प्राविधिक समन्वय र ब्याकएन्डको भूमिका निर्वाह गरिरहेको छ भने नेपाल प्रहरीले सामग्री पोस्ट गर्ने वा फैलाउने व्यक्तिहरूको पहिचान गरी कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाएको छ।

## कसैको ....

छ। बाढी कभरेजका क्रममा सञ्चारमाध्यम तथा डिजिटल प्लेटफर्महरूमा सबैभन्दा धेरै बीभत्स दृश्यको प्रयोग गरी पीडालाई व्यापारिक रूपमा प्रस्तुत गरिएको पाइएको छ। काउन्सिलको तथ्यांकअनुसार कुल उल्लंघनमध्ये २५.९ प्रतिशत अर्थात् ६३ वटा घटना बीभत्स दृश्य प्रकाशन तथा प्रसारणसँग सम्बन्धित छन्।

प्राकृतिक विपद्मा परेका पीडितहरूको बीभत्स अवस्था वा क्षतिको भयावह दृश्य देखाएर क्लिक र भ्युज बटुल्ने यो अभ्यासले पत्रकारिताको न्यूनतम मानवीय संवेदनशीलता नाघेको काउन्सिलको प्रतिवेदनले देखाएको छ। विपद्को घटनालाई झनै भयावह देखाएर सर्वसाधारणमा सन्त्रास फैलाउने र असम्बन्धित सामग्री पस्केर भ्युज लिने अर्को गम्भीर प्रवृत्ति पनि देखिएको छ। प्रतिवेदनअनुसार त्रास वा अफवाह फैलाउने ३८ वटा अर्थात् १५.६ प्रतिशत र पुराना वा प्रसंगबाहिरका फोटो तथा भिडियो असम्बन्धित रूपमा प्रयोग गरिएका ३७ वटा अर्थात् १५.२ प्रतिशत उल्लंघन फेला परेका छन्।

त्यसैगरी समाचारलाई भ्रामक वा अतिरञ्जित बनाइएका ३१ वटा अर्थात् १२.८ प्रतिशत र एआईबाट निर्मित सामग्री हो भन्ने नखुलाई प्रयोग गरिएका २२ वटा अर्थात् ९.१ प्रतिशत घटना सूचीकृत भएका छन्।

## मलेसियामा...

सम्बन्धित कम्पनीहरू र सरकारसँग सम्बन्धित लगानी कम्पनीहरूले राम्रो ज्याला प्रदान गर्ने प्रयासको नेतृत्व गर्नुपर्ने बताए। उनले भनेका छन्, 'नाफामा केवल शीर्ष व्यवस्थापन र तल्लो तहका कामदारहरूको समानुपातिक हिस्सा हुनुपर्छ।'

महासचिव कामरुलले ठूला कम्पनीहरूले धेरै नाफा कमाउँदा पनि कम ज्याला प्रदान गर्ने गरेको बताए। उनले प्रधानमन्त्री अनवर इब्राहिमले हालै गरेको आलोचनाको स्वागत गर्दै नाफाका लागि काम गर्ने कामदारहरूले उचित ज्याला पाउनुपर्ने कुरामा जोड दिए।

केही दिनअघि प्रधानमन्त्री अनवरले २०२७ को बजेटमा बढेको उत्पादकत्व अनुरूप निजी क्षेत्रका कामदारहरूको ज्याला बढाउने उपायहरू समावेश हुने बताएका थिए। मलेसियाका अर्थमन्त्रीले उनीहरूको उत्पादकत्व स्तरअनुरूप ज्याला बढाउन निजी क्षेत्रसँग वार्ता गर्ने तरिकाहरू खोज्ने बताएका छन्।

मध्यान्ह
www.madhyanhadaily.com



# विपद्को जोखिम अझै कायमै छ
# उच्च सतर्कता अपनाउन प्रधानमन्त्रीको आग्रह

**काठमाडौं/मस-** प्रधानमन्त्री वालेन्द्र शाहले देशका विभिन्न स्थानमा बाढी, पहिरो, हावाहुरी, डुबान र चट्याङका घटना भइरहेकाले विपद्को जोखिम अझै कायमै रहेको भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरेका छन् ।

प्रधानमन्त्री शाहले असोज ९ गतेदेखि १२ गतेसम्म देशका विभिन्न स्थानमा भारी वर्षा तथा हावाहुरी आउन सक्ने पूर्वानुमान मौसम विज्ञान विभागलगायत निकायले गरेअनुसार सरकारले नागरिकलाई पूर्वसावधानी अपनाउन सार्वजनिक अपिल गरेको बताए । सरकारले सम्भावित विपद् व्यवस्थापनको तयारीमा तत्कालै सक्रिय बनेको उल्लेख गर्दै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कमान्ड पोस्टको बैठकबाट निरन्तर सूचना सम्प्रेषण, रात्रिकालीन यातायात र विद्यालय बन्द गराउनेलगायत सावधानीका निर्णय गरिएको बताए । ७७ वटै जिल्ला कमान्ड पोस्टलाई सक्रिय बनाइएको उनले बताए ।

उनका अनुसार अविरल वर्षाका कारण देशका विभिन्न भागमा बाढी, पहिरो, हावाहुरी, डुबान र चट्याङका घटना भइरहेका छन्, जसबाट प्रभावित क्षेत्रको जनजीवनमा ठूलो असर परेको छ ।

असोज ८ गतेदेखि सम्बोधनको समयसम्मको विवरणअनुसार चट्याङ, बाढी, पहिरो, हावाहुरी र अविरल वर्षाका कारण म्याग्दी, डोल्पा, धनुषा, पाल्पा, बाग्लुङ, लमजुङ, रुकुम पश्चिम, काभ्रे, धादिङ, मकवानपुर, सुर्खेतलगायत जिल्लामा गरी २१ नागरिकले ज्यान गुमाएको उनले बताए । ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली व्यक्त गर्दै उनले शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेका छन् । विपद्मा परी घाइते भएका पाँच नागरिकको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था मिलाइएको उनले बताए । गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीले पुर्‍याएको क्षतिबाट नागरिकलाई माथि उठाउन सरकार निरन्तर क्रियाशील रहेकै बेला पुनः अर्को विपद्को सामना गर्नुपरेको उनले बताए । यस विषम परिस्थितिमा हालसम्म पाँच जना नागरिक बेपत्ता भएको विवरण प्राप्त भएको प्रधानमन्त्री शाहले बताए ।



मनाङको हिमपहिरोमा परेर मानिस बेपत्ता भएको सूचना प्राप्त भएको भन्दै यसबारे विवरण सङ्कलनको काम जारी रहेको उनले बताए ।

बाढी, पहिरो, डुबान र चट्याङका कारण देशभर ४३९ वटा मनसुनजन्य घटना भएको उनले बताए । गाउँ मात्र नभई सहरसमेत डुबानमा परेको उल्लेख गर्दै उनले दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका सडक, पुल, जलविद्युत् आयोजना र खानेपानी प्रणालीलगायत पूर्वाधारमा क्षति पुगेको बताए ।

'यस्तो संकटको घडीमा प्रत्येक नागरिकको जीवन रक्षा गर्दै उहाँहरूलाई सुरक्षित महसुस गराउनु नै सरकारको पहिलो कर्तव्य हो', प्रधानमन्त्री शाहले भने ।

उनका अनुसार बेपत्ता नागरिकको खोजीका साथै बाढीमा फसेका मानिस र पशुचौपायाको उद्धारमा सुरक्षाकर्मी अहोरात्र खटिएका छन् । बाढीपहिरो प्रभावित परिवारका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय गरी अस्थायी बसोबासको प्रबन्ध मिलाइएको उनले बताए । नागरिकको जीउधन बचाउन विभिन्न माध्यमबाट सूचना तथा सन्देश सम्प्रेषण गर्नुका साथै सुरक्षाकर्मीले स्थलगत रूपमा माइकिङ गरिरहेको उनले बताए ।

सरकारको पूर्वसूचनाका कारण हिमाली जिल्लामा पदयात्रामा गएका यात्रु सुरक्षित फर्किएको र विद्यार्थीसमेत जोगिएको प्रधानमन्त्री शाहले बताए । कुनै पनि नागरिक संकटमा पर्नेबित्तिकै उद्धारका लागि सुरक्षा निकाय पूर्ण तयारी अवस्थामा रहेको उनले बताए ।

बाढीका कारण नारायणी नदीमा क्रुजसिप बगाएर पुलमा अड्किएपछि सावधानीका लागि पूर्व-पश्चिम राजमार्ग बन्द गरिएको उनले बताए । बाढी र पहिरोका कारण काठमाडौं उपत्यका जोड्ने पृथ्वी राजमार्ग, बिपी राजमार्ग र कान्ति लोकमार्गसहित विभिन्न जिल्लाका दर्जनभन्दा बढी सडक प्रभावित भएको उनले बताए ।

सडकमा पहिरो जाने र भासिने समस्या देखिएको तथा अहोरात्र खटिएर मर्मत गरिएका भोटेकोशी-त्रिशूली नदी तटीय क्षेत्रका सडकमा पुनः क्षति पुगेको उनले बताए । कालिगण्डकीको पक्की पुलसमेत बगेको उल्लेख गर्दै उनले क्षतिग्रस्त सडक द्रुत गतिमा मर्मत गरी यातायात पुनः सञ्चालन गर्न सरकार पूर्ण प्रतिबद्ध भएर लागेको बताए । बाढीका कारण कालीगण्डकी करिडोर, मर्स्याङ्दी र सेती-मादी करिडोरलगायत राष्ट्रिय प्रसारण लाइनबाट १ हजार १३ दशमलव २ मेगावाट विद्युत् आपूर्ति बन्द भएको उनले बताए ।

# बाढीप्रभावितलाई नगरपालिकाले दैनिक खाना खुवाउँदै

**पिन्टु यादव/मध्यान्ह**
राजविराज, ११ असोज

सप्तकोशीमा जलस्तर बढेपछि हनुमाननगर कंकालिनी नगरपालिकाको कोशी तटीय क्षेत्रका बस्तीहरू डुबानमा परेका छन् । घरभित्र पानी पसेसँगै खाना पकाउनसमेत कठिनाइ भएपछि नगरपालिकाले सामूहिक मेस सञ्चालन गरेर विपद्मा परेका परिवारलाई दैनिक दुई छाक भोजन उपलब्ध गराउन थालेको छ ।

नगरपालिकाका अनुसार वडा नम्बर ५, ७, १२ र १३ मा करिब पाँच सय घर बाढी तथा डुबानबाट प्रभावित भएका छन् । यसबाट दुई हजारभन्दा बढी नागरिक प्रभावित भएको स्थानीय तहको प्रारम्भिक विवरण छ ।

नगरप्रमुख वीरेन्द्र माझीले घरमा पानी पसेपछि चुलो बालनसमेत समस्या भएका परिवारलाई लक्षित गरी सामूहिक भोजनको व्यवस्था गरिएको बताए । उनका अनुसार अहिले करिब एक हजार जनाले नगरपालिकाले सञ्चालन गरेको मेसबाट दैनिक खाना खाइरहेका छन् ।

बाढीबाट सबैभन्दा प्रभावित क्षेत्रमध्ये वडा नम्बर १३ को गोबरगाढा बस्तीका बासिन्दालाई सुरक्षित स्थानमा सारिएको छ । करिब डेढ सय घर डुबानमा परेपछि त्यहाँका परिवारलाई पश्चिमी तटबन्धतर्फ स्थानान्तरण गरिएको नगरप्रमुख माझीले जानकारी दिए ।

वडा नम्बर १२ मा करिब दुई सय घर प्रभावित भएको नगरपालिकाको तथ्यांक छ । वडा नम्बर ५ र ७ मा थप १५४ घर बाढी तथा डुबानको चपेटामा परेको जनाइएको छ ।

UAE मा रोजगार
कम्पनी : PROFILE RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C. शहर : UAE
पूर्व स्वीकृत मिति : २०८१/०८/२७ चलानी नं: ६०२२९६०४ L.T. No.: 315150 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/Labour | 140 | 0 | स. काममा दक्ष | 800 | ३३३२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १९ गते (5 October 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

HOPE International
License No: 857/066/67
Hope International (P) Ltd.
Chakrapath, Maharajgunj, Kathmandu (Opposite Bhatbhatini Super Market)
Tel: (Hotline): 01-4002151, 01-4002139, 9801918068 (Abiral Giri)
Email: Info@hopeintlnepal.com, Website: www.hopeinternational.com.np
For Location

साउदीमा रोजगार
कम्पनी: Shazab Beverage Serving Establishment शहर : Saudi Arabia,Jeddah
पूर्व स्वीकृत मिति: २०८३/०६/०८ चलानी नं.: ६०२६१६९१ L.T. No.: 348426

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Server | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४८९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sweets Maker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४८९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १९ गते (5 October 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 1251/074/075
Al Taaz International Pvt. Ltd.
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102, Anil Khadka Contact Number : 9801034033
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

## CUREX PHARAMACEUTICALS PVT. LTD.
(A WHO-GMP, An ISO 9001:2008, An ISO 14001:2004 Certified company)

Contact Number: +977 9801034048
Email ID: curex.productmanager@gmail.com

## सार्वजनिक जानकारीको लागि सूचना जारी गरिन्छ

यस क्युरेक्स फर्मास्युटिकल्स प्रा.लि.बाट उत्पादित औषधिहरुको निम्नानुसारको बजार दररेट तथा बिक्री मूल्य निर्धारण गरी यो दररेट राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि यी औषधिहरु कुनै संघ संस्था वा नेपाल सरकारअन्तर्गतका कार्यालयहरुले खरिद गर्नुपरेमा यस कम्पनीका आधिकारिक बिक्रेता **श्री अमृत फर्मा प्रा. लि.** का.म.न.पा-१५ चमती, काठमाडौं मु.अ.कर दर्ता नं. ६१९७१७७१७ सँग खरिद गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

### CUREX PHARMACEUTICAL'S PRODUCT RATE LIST (FY: 2083/2084)

| S. No. | Generic Name | Rate (NPR) |
|---|---|---|
| 1 | Acyclovir 5 gm Ointment, 200mg/400 mg Tab | 80.00/10.00/20.00 |
| 2 | Albendazole 400 mg Tab/Susp. | 10.00/18.00 |
| 3 | Alprazolam 0.25mg/0.5mg Tab. | 1.70/3.40 |
| 4 | Amitriptyline 10/25mg Tab | 2.40/3.80 |
| 5 | Amlodipine +Losartan Potassium L 27.5/55mg Tab. | 6.00/12.00 |
| 6 | Amlodipine 2.5mg/5mg/10 mg. Tab. | 2.30/5.00/8.00 |
| 7 | Amoxycillin 125mg/250mg/500mg/60ml/90ml-Dry/Syr | 3.00/5.00/8.00/80.00/110.00 |
| 8 | Antacid Tab/Gel | 4.00/121.00 |
| 9 | Anticold Tab/Susp | 3.00/55.00 |
| 10 | Atenolol 25/50/100 mg Tab | 2.00/3.50/5.00 |
| 11 | Atorvastatin 10/20mg Tab | 10.78/20.60 |
| 12 | Azithromycin 250mg/500mg Tab., 100mg/200mg Susp | 17.45/30.00/110.00/160.00 |
| 13 | Benzoic acid + Salicylic acid 30gm | 65.00 |
| 14 | Calamine Lotion 30/100ml | 45.00/110.00 |
| 15 | Calcium 500 mg. Tab/Susp. | 6.00/100.00 |
| 16 | Cefixime 100mg/200mg/400mg Tab./60ml Syrup | 16.00/20.00/50.00/200.00 |
| 17 | Cefpodoxime 200mg Tab. /60ml Syrup | 25.00/185 |
| 18 | Cetirizine Hcl10 mg Tab. 30ml Susp. (5mg/5ml) | 4.00/55.00 |
| 19 | Chloramphenicol 500 mg Cap/Syrup | 14.00/100 |
| 20 | Chlorhexidine Gluconate Mouthwash | 100.00 |
| 21 | Chlorpheniramine Maleate 4mg | 1.50 |
| 22 | Ciprofloxacin 250mg/ 500mg Tab | 6.00/8.00 |
| 23 | Clotrimazole Cream 15g Tube/Pessary Tab./Vaginal Oint. | 55.00/11.00/80.00 |
| 24 | Cloxacillin Sodium 250mg/500mg Cap/Dry Syrup 90ml | 5.00/13.00/130.00 |
| 25 | Diclofenac 50 mg Tab/30 gm Gel/Mouth Wash 100 ml | 4.00/95.00/110 |
| 26 | Domperidone 10 mg Tab/Susp. | 5.00/50.00 |
| 27 | Empagliflozin 10/25 mg. Tablet | 25/30 |
| 28 | Esomeprazole 40mg Tablet | 11.00 |
| 29 | Ferrous Sulphate + Folic acid (iron) Tab. | 3.00 |
| 30 | Fexofenadine 120/180 mg Tablet & 100 ml Susp. | 11.00/16.00/150 |
| 31 | Fluconazole 150mg Cap | 24.00 |
| 32 | Folic Acid 5mg Tab. | 2.25 |
| 33 | Frusemide 40 mg Tab. | 1.50 |
| 34 | Gabapentin 100/300 mg. Capsule | 6.00/15.00 |
| 35 | Gamma Benzene Hexachloride 60ml lotion | 75.00 |
| 36 | Glimepiride 1mg/2mg Tab | 4.00/8.60 |
| 37 | Hand Sanitizer Liquid 500ml/ 5 Ltr. | 450/3000 |
| 38 | Hydrochlorothiazide 12.5/25mg Tab | 1.25/3.00 |
| 39 | Hyoscine Butyl Bromide 10mg /20mg Tab | 12.00/24.00 |
| 40 | Ibuprofen 200mg/400mg Tab | 2.00/4.00 |
| 41 | Iron (III) polymaltose & Folic Acid Tablet/syr. | 8.00/140.00 |
| 42 | Iron Syrup 200 ml/ Cap | 140.00/4.50 |
| 43 | Itraconazole 100 mg/200mg Cap | 40.00/75.00 |
| 44 | Levocetirizine Tab/Susp. | 6.00/65.00 |
| 45 | Losartan 50 mg + Hydro chlorothiazide 12.5 mg tablet | 13.00 |
| 46 | Losartan Potassium 25mg/50mg Tab | 4.40/7.60 |
| 47 | Mefenamic Acid 250 mg + Dicyclomine 10 mg Tablet | 8.00 |
| 48 | Mefenamic Acid Tablet | 5.00 |
| 49 | Met Glip GP 1 Forte (Metformin 1000 mg and Glimepiride 1 mg Tablet) | 11.00 |
| 50 | Met Glip GP 2 Forte (Metformin 1000 mg and Glimepiride 2 mg Tablet) | 12.50 |
| 51 | Met Glip GP 1 (Metformin 500mg + Glimepiride 1 mg Tab.) | 9.00 |
| 52 | Met Glip GP2 (Metformin 500mg + Glimepiride 2 mg Tab.) | 14.53 |
| 53 | Metformin 1000 mg + Sitagliptin 50 mg. Tablet | 29.00 |
| 54 | Metformin 500 mg + Sitagliptin 50 mg. Tablet | 26.00 |
| 55 | Metformin 500mg/850 mg/1000 mg Tab | 2.00/3.50/6.00 |
| 56 | Metformin 850 mg + Sitagliptin 50 mg. Tablet | 27.00 |
| 57 | Metoprolol Succinate(12.5/ 25/50 mg Tab.) | 4.00/7.00/10.00 |
| 58 | Metronidazole (100mg/5ml) 60ml Susp/200/400 mg Tab | 60.00/2.00/3.00 |
| 59 | Montelukast 10 mg + Levocetirizine 5 mg. Tab | 20.00 |
| 60 | Montelukast 4 mg + Levocetirizine 2.5 mg. Sus. | 135.00 |
| 61 | Multivitamin Cap | 6.00 |
| 62 | Neomycin Cream 15 mg. | 60.00 |
| 63 | Nimesulide Tab/30 gm Gel | 3.00/90.00 |
| 64 | Ofloxacin 100/200/400mg Tab/60ml Susp. | 5.50/7.00/8.00/90.00 |
| 65 | Omeprazole 20mg Cap | 4.00 |
| 66 | Ondansetron 4mg/8mg Tablet /Susp | 7.00/10.00/70.00 |
| 67 | ORS | 10.00 |
| 68 | Pantoprazole 40 mg. Tab. | 8.00 |
| 69 | Pantoprazole 40 mg+ Domperidone 30 mg. Cap. | 16.00 |
| 70 | Paracetamol 500 mg & chlorzoxazone 250mg/500 mg Tablet | 5.50/8.80 |
| 71 | Paracetamol & Caffeine Tablet | 2.50 |
| 72 | Paracetamol & Ibuprofen Tab/Susp. | 2.00/30.00 |
| 73 | Paracetamol 125 mg-60 ml Susp./500 mg Tab/Drop | 30.00/1.00/35.00 |
| 74 | Permethrin 5 % W/V 15/30 gm ointment) | 60.00/125.00 |
| 75 | Permethrin 5 % W/V 50/100 ml Lotion | 80.00/160.00 |
| 76 | Povidone Iodine 10% 30ml/60ml/100ml/450 ml Solution | 65.00/95.00/150.00/380.00 |
| 77 | Povidone Iodine 5% 30ml/100ml/450ml/15 gm ointment | 45.00/110.00/275.00/50.00 |
| 78 | Povine Gargle 60ml/100 ml M/wash | 65.00/110.00 |
| 79 | Pregabalin -75, Methylcobalamine 750/1500 Cap | 22.00/33.00 |
| 80 | Pregabalin 75/150 Cap | 16.50/23.00 |
| 81 | Ramipril 2.5mg/5mg/10 mg. Tab | 5.5/9.00/15.50 |
| 82 | Ranitidine HCL 150Mg Tab. | 3.00 |
| 83 | Rosuvastatin 5mg/10mg/20 mg Tab | 11.00/17.00/35.00 |
| 84 | Salbutamol 4mg Tab/100 ml Syr. | 2.00/55.00 |
| 85 | Serrati peptidase 10 mg Tablet | 10.00 |
| 86 | Silver Sulphadiazine Cream 15gm | 75.00 |
| 87 | Sulphamethoxazole + Trimethoprim 480mg/960 mg-Tab/ Susp. | 4.00/6.00/70.00 |
| 88 | Terbutaline Sulphate 1.2mg + Bromhexine Hydrochloride 4mg 60ml/100 ml Syrup | 100.00/140 |
| 89 | Tinidazole 500mg/1000 mg Tablet | 5.00/11.00 |
| 90 | Ursodeoxycholic Acid 150mg/300mg Tablet | 26.00/45.00 |
| 91 | Vitamin A Soft gel | 15.00 |
| 92 | Vitamin B Complex Tab. | 5.00 |
| 93 | Vitamin B Complex With Zinc Cap/100ml/200ml Syr. | 6.00/90.00/165.00 |
| 94 | Vitamin D 60K Soft gel | 50.00 |
| 95 | Vitamin E 400/600 Soft gel | 8.00/10.00 |
| 96 | Zinc Sulphate Tablet | 5.00 |

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०६/१३ मा दर्ता भएको **प्रा.लि. नं. ५६६५८/०६५/०६६** को **नर्थ इनर्जी कम्पनी प्रा. लि.** को मिति २०८३/०६/०८ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: नीलकण्ठ पोखरेल, इजाजत पत्र नं. ५१२, ठेगाना : त्रिपुरेश्वर काठमाडौं, फोन नं. ९८५१००६०४६**

### वार्षिक साधारणसभा सम्बन्धि सूचना

यस संघको वार्षिक साधारण सभा २०८३/०६/०९ गते राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्रको हलमा गर्ने भनिएकोमा साधारण सभाको गणपुरक सख्या कम भएकोले २०८३/०६/१९ गते ठिक दिउँसो १ बजे सुरू हुने भएकोले उपस्थितीका लागी यसै सूचनाद्वारा सम्पुर्ण सदस्यज्यूहरूमा हार्दिक अनुरोध छ ।

**स्वास्थ्य प्रवर्द्धन तथा शिक्षा संघ नेपाल (HePEAN)**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०६/०७ मा दर्ता भएको **प्रा.लि. नं. २९९८८४** को **निलबराही बहुउद्देश्यीय कृषि फार्म प्रा.लि.** को मिति २०८३/०५/२५ मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: निलकण्ठ पोखरेल, इजाजतपत्र नं. ५१२, फोन नं. ९८५१००६०४६**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०२/२७ मा दर्ता भएको **प्रा.लि. नं. १९१३४६** को **निलबराही यातायत प्रा.लि.** को मिति २०८३/०५/२५ मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: निलकण्ठ पोखरेल, इजाजतपत्र नं. ५१२, फोन नं. ९८५१००६०४६**

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मिति २०८३/०६/१२**

यस कम्पनीको मिति २०८३।०५।२२ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **अलाईभ पोलिक्लिनिक एण्ड डायग्रोष्टिक सेन्टर प्रा.लि. (दर्ता नं. २२९७७९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **अलाईभ हेल्थ विशेषज्ञ क्लिनिक प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१२ असोज २०८३ सोमबार
28 September 2026 Monday

▌सम्पादकीय

# शक्तिको दुरुपयोग नहोस्

पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई मध्यरातमा निवासबाट प्रहरीले नियन्त्रणमा लिएर करिब ११ घण्टापछि परिवारको जिम्मा लगायो। प्रहरीले सार्वजनिक रूपमा सुरक्षा संवेदनशीलतालाई कारण बताएको छ। तर सुरक्षा खतरा के थियो, त्यसको आधार के थियो र जबरालाई पक्राउ गरिएको हो वा सुरक्षाका लागि नियन्त्रणमा लिइएको हो भन्ने आधिकारिक जानकारी दिइएको छैन। यही अस्पष्टताले घटनालाई गम्भीर बनाएको छ। पूर्वप्रधानन्यायाधीशजस्तो जिम्मेवार संवैधानिक पद सम्हालिसकेको व्यक्तिलाई नियन्त्रणमा लिँदा राज्यसँग स्पष्ट कानुनी आधार हुनुपर्छ। पक्राउ गर्नुपर्ने भए कारण र आधार खुल्नुपर्छ। अनुसन्धान गर्नुपर्ने भए प्रारम्भिक प्रमाण हुनुपर्छ। केही घण्टामै छाड्नुपर्ने अवस्था थियो भने रातको समयमा नियन्त्रणमा लिनुपर्ने आवश्यकता किन पर्‍यो भन्ने प्रश्नको जवाफ पनि सरकारले दिनुपर्छ।

सुरक्षा चुनौती थियो भने राज्यको दायित्व सुरक्षा दिनु हो। सुरक्षाका नाममा नियन्त्रणमा लिनु होइन। अनुसन्धानका क्रममा प्रहरीले कसैलाई पक्राउ गर्न सक्छ। तर त्यसका लागि कानुनी आधार र प्रमाण चाहिन्छ।  बिनापुर्जी र प्रमाण पक्राउ गर्ने, केही समय हिरासतमा राख्ने र पछि छाड्ने प्रवृत्तिले प्रहरीको व्यावसायिकता र नागरिकको विश्वास दुवै कमजोर बनाउँछ। यो घटनामा माथिल्लो तहको निर्देशन पालना गरिएको उच्च अधिकारीहरूले बताएका छन्। आदेश आएकै भए पनि प्रहरीले त्यसको वैधानिकता परीक्षण गर्न सक्नुपर्छ। आदेश पालना गर्नु मात्र प्रहरीको जिम्मेवारी होइन। कानुनको सीमाभित्र रहेर काम गर्नु उसको मूल दायित्व हो। राज्यका निकायले गैरकानुनी आदेश कार्यान्वयन गर्ने हो भने त्यसको मूल्य अन्ततः संस्थाले नै चुकाउनुपर्छ।

जबराको घटनामा राष्ट्रिय मानवअधिकार आयोगको अनुगमन टोलीलाई समेत प्रहरीले अवरोध गरेको छ। आयोगले आफ्नो संवैधानिक तथा कानुनी अधिकारमा अवरोध भएको जनाएको छ। अनुगमनमा अवरोध गर्ने प्रहरी कर्मचारीलाई कानुनी दायरामा ल्याउनसमेत सरकारको ध्यानाकर्षण गराएको छ। राज्यका निकायबीचको अधिकार र दायित्वको सम्मान हुन नसक्नु कानुनी शासनका लागि राम्रो संकेत होइन।

राज्यसँग पक्राउ गर्ने अधिकार छ। तर त्यो अधिकार शक्तिको प्रदर्शनका लागि होइन, कानुनी प्रक्रियाका लागि हो। कसैविरूद्ध प्रमाण छ भने अनुसन्धान र अभियोजन अघि बढाउनुपर्छ। प्रमाण छैन भने पक्राउ गरेर तर्साउने अधिकार राज्यलाई हुँदैन।

जबराको घटनाले सरकारलाई स्पष्ट सन्देश दिएको छ– शक्तिको वैधता कानुनबाट आउँछ, आदेशबाट होइन। त्यसैले स्वेच्छाचारी पक्राउ, तर्साउने र धम्क्याउने शासनशैलीको अन्त्य हुनैपर्छ। कानुनी आधारबिना गरिएको पक्राउ शक्तिको दुरूपयोग हो।

# जनअपेक्षाको कठघरामा राज्य

राजनीतिक परिवर्तन र नयाँ पुस्ताको आगमनपछि पनि जनताले अपेक्षाअनुसार सुशासन र समृद्धि पाएका छैनन् । उमेर वा नाराले मात्र नभई स्पष्ट दृष्टिकोण, विधिको शासन, चुस्त प्रशासन र इमानदार कार्यशैलीबाट मात्रै विकास सम्भव हुन्छ । निराशा चिर्दै जनभावनाअनुरूप परिणाममुखी काम गर्नु नै वर्तमान राज्यको मुख्य दायित्व हो ।

अग्रलेख



● डा.देवीप्रसाद आचार्य

यो मुलुकमा धेरैपटक राजनीतिक परिवर्तनहरू भए, परन्तु परिवर्तित राजनीतिक व्यवस्थालाई शासकहरूले देश विकासको अवसरको रूपमा लिन सकेनन्। त्यसो त देश निर्माण गर्नेजस्तो गहन कार्य एउटा शासक वा राजनीतिक दलको मात्र इच्छाले सम्भव हुँदैन । प्रशासनतन्त्र र समाजको पनि त्यत्तिकै भूमिका हुन्छ। इतिहासका विभिन्न कालखण्डमा राजनीतिक परिवर्तनका लागि राजनीतिक दल र समाजले लामो संघर्ष गरेको छ। तथापि किन र केका लागि राजनीतिक व्यवस्था र सरकार बदल्नुपरेको हो भन्ने सवालको जवाफसँग मेल खाने उद्देश्य र कार्यशैली न त विभिन्न कालखण्डमा परिवर्तन हुने सरकारहरूसँग देखियो, न त नेपाली समाजको चेतनामा प्रतिबिम्बित हुन सक्यो।

पछिल्लो समयमा आइपुग्दा गत भाद्र २३ र २४ गते जेनजी आन्दोलन भयो। यो आन्दोलन कुनै राजनीतिक सिद्धान्त वा वादमा टेकेर भएको थिएन। युवाहरूले पुराना राजनीतिक दलहरूले विकास र सुशासन दिन सकेनन्। समाजमा भ्रष्टाचार मौलायो। देश विकासको बाटोमा अगाडि बढ्न सकेन। नेपो बेबीहरू देशको ढुकुटीमा रमाए। देश नातावाद, कृपावाद र लक्ष्मीवादमा डुब्दै गयो भन्ने तर्क र आक्रोशको आधारमा जेनजी आन्दोलन हुन पुग्यो र यो आन्दोलनले नयाँ पुस्तालाई सत्तामा पुऱ्यायो। अहिले नयाँ राजनीतिक दल राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा सरकार छ। सत्तामा जननिर्वाचित युवा नेता छन्।

अमेरिकी चिन्तक एल्भिन टफ्लरले, 'आधुनिक समाजमा तीव्र गतिमा भइरहेको परिवर्तनले मानिसको जीवन शैली र सोचाइमा गहिरो पार्दछ, भनेका थिए।' एल्भिनले भनेजस्तो अहिले नेपाली समाजको चिन्तन र सोच्ने तरिका बदलिएको छ। विशेष गरेर अहिलेको सरकारबाट जनताले परिणाम खोजेका छन्। विकास र सुशासन चाहेका छन्। समाजमा नयाँ  नेतृत्वले देश विकास गरिहाल्छ भन्ने मनोविज्ञानको विकास भएको पाइन्छ। परन्तु देश चलाउने कार्य नयाँ र पुरानो पुस्ताको उमेरगत सीमाले निर्धारण गर्ने विषय होइन। देश निर्माण गर्न  भिजन, मिसन र एक्सन चाहिन्छ। राम्रो योजना, चुस्त प्रशासन, विधिको शासन, सेवामुखी कर्मचारीतन्त्र र जिम्मेबार सरकार नभएसम्म देश विकास र सुशासन नारामा मात्र सीमित रहन्छ। यो सरकारको हालसम्मको कार्यशैली तथा क्षमताको परिक्षणले यो सरकारमाथि रहेको जनविश्वास कतै माछोमाछो भ्यागुतो त हुने होइन ? भन्ने शंका बढ्दै गएको देखिन्छ। यसो नहोस्। यो सरकारले जनअपेक्षा पूरा गर्न सकोस्।

अहिले समाजमा देखापरेका समस्या पुराना दलका कारण सिर्जना भएका हुन् भन्ने भाष्य स्थापित भएको छ। राजनीतिक दलहरूलाई मात्र दोष दिएर समाजका अन्य स्टेक होल्डरहरू पानीमाथिको ओभानो हुने कथन तार्किक हुन सक्दैन। लोकतान्त्रिक राज्य व्यवस्थामा राज्य सञ्चालनका बलियो अधार सचेत समाज हो। बलिया तथा भरपर्दा संघसंस्था हुन्। कर्मचारी, व्यापारी, नागरिक समाजलगायतका क्रियाकलापले सरकारको सफलता र असफलतामा प्रभावकारी भूमिका खेलेका हुन्छन्। तथापि यी संयन्त्रलाई चुस्त, दुरुस्त, इमानदार तथा सेवामैत्री बनाउने काम भने राज्यको हो। हाम्रो देशको सन्दर्भमा राज्यले हरेक क्षेत्रलाई इमानदार तथा कर्मशील बनाउनका लागि विधिको शासनमा देश चलाउनुपर्दछ। पारदर्शिता, जवाफदेहिता, जिम्मेवारीजस्ता लोकतन्त्रका आधारभूत मूल्य



र मान्यतालाई अवलम्बन गर्नुपर्दछ। कामले जनताको मन जित्नुपर्दछ। नेपाली समाजमा अध्ययन, अनुसन्धान, सत्य र तथ्यमा विचार निर्माण गर्नसक्ने चेतनाको कमी छ। समाज सकारात्मकभन्दा बढी नकारात्मक टीकाटिप्पणीमा अभ्यस्त छ। सामाजिक सञ्जालमा आउने सूचनालाई आधार बनाएर राजनीतिक दल वा व्यक्तिविशेषका बारेमा देवत्वकरण वा दानवीकरण गर्ने सामाजिक चरित्रले लोकतन्त्रलाइ कमजोर बनाउँछ। समाजमा मिहिनेतबाट भन्दा अवसरको मौका समात्ने संस्कृति पनि बढ्दो छ। नयाँ पुस्ताले नतिजा छिटो चाहेको छ। देश विकास न त हतारमा हुन्छ न त उमेर समूहको नेतृत्वले मात्र। देश विकास पाको उमेर समूहका राजनीतिकर्मीलाई गाली गरेर मात्र पनि हुन सक्दैन। देश विकास गर्न दृष्टिकोण, विकासको मार्ग चित्र, सुशासन, अर्जुन दृष्टि, भीष्म प्रतिज्ञा र अठोट चाहिन्छ।

समाजले अहिले राजनीति मूल्य, मान्यता, दर्शन, सामाजिक योगदानको वर्णन गरेर बस्न चाहँदैन। समाजलाई परिणाममुखी काम चाहिएको छ। अहिले पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि भएको छ। ग्यासको हाहाकार छ। युवा पलायनमा कमी आएको छैन। प्रशासनिक कामकाजको शैलीमा रूपान्तरण भएको अनुभव जनताले गर्न सकेका छैनन्। बिजुलीमा कर बढाएर सरकारले जनतालाई सास्ती दिएको छ। दुईदिने सरकारी बिदाले शैक्षिक संस्था र स्वास्थ्य सेवामा सबैभन्दा बढी नकारात्मक असर परेको छ। जनताले यो नयाँ सरकारबाट के प्राप्त गरे त ? भन्ने प्रश्नको निष्पक्ष जवाफ खोज्दा अहिलेसम्म कागलाई बेल पाक्यो हर्ष न विस्मातको अवस्था देखिन्छ।

देशको राजनीतिक इतिहासले लोकतन्त्र बाँदरको हातमा नरिवल भनेझैं भएको अवस्था देखाउँछ। राजनीतिक नेतृत्वले लोकतन्त्रलाई देश र जनताको हितमा प्रयोग गर्न नसक्दा राजनीतिक स्थायित्व र आर्थिक समृद्धि हुन सकेको छैन। हरेकपटक बन्ने सरकार जनताका लागि हात्ती आयो हात्ती आयो फुस्सा भनेझैं भएका छन्। दलहरूले देश विकास गर्नका लागि राजनीतिक व्यवस्था र संविधानलाई बाधक देख्ने गरेका छन्। खानेमुखलाई जुँगाले छेक्दैन भनेझैं विकास गर्ने ढंग राम्रो भएमा संविधानको कुनै धारा वा उपधाराहरूले विकास गर्न अवरोध नगरेको विकासवादीहरूको कथन छ। देश निर्माणको कार्यलाई नेपालको संविधान २०७२ ले बाधा व्यवधान पुऱ्यायो भन्ने भाष्य 'नाच्न जान्दैन, आँगन टेढो' भन्ने लोकोक्तिसँग मेल खान्छ।

निर्वाचनमा चुपचाप घण्टीमा छाप लगाएका जनताले अहिलेको सरकारबाट सुशासन, आर्थिक समृद्धि, रोजगारीको अवसर, महँगी नियन्त्रण र जनताको सहज जीवनयापनको व्यवस्था चाहेका छन्। यस सन्दर्भमा राज्यले इतिहासबाट पाठ सिकेर पुराना दलहरूले जस्तो छलछामको राजनीति नगरोस्। जन अपेक्षाअनुरूप काम गर्नुपर्दछ, गरोस्। सरकारले देश र जनताको पक्षमा काम नगरी अलमल, ढिलासुस्ती, दलगत स्वार्थमा लागेर जनताको भावनालाई कुल्चने काम गर्नुहुँदैन, नगरोस्।

त्यसो त सिंहदरबारले मात्र विकासको लहर ल्याउन सक्ने अवस्था छैन। अहिले देश संघीयतामा अगाडि बढिरहेको छ। केन्द्रीय सरकारले स्थानीय तहको विकासको लागि बजेटको बाँडफाँट गरेको छ। यस कोणबाट हेर्दा सिंहदरबारले स्थानीय सरकारलाई बलियो बनाउनुपर्दछ। ग्रामीण सडक, विद्युत्, खानेपानी, रोजगारी, निर्यातमुखी कृषि, आधुनिक पशुपालन, कृषिमा आधारित उद्योगको स्थापनालगायत क्षेत्रमा विकास नभई गाउँको विकास हुन सक्दैन। तर राज्यको ध्यान यसतर्फ गएको देखिँदैन। देश विकासका लागि दक्ष मानवस्रोत आवश्यक पर्दछ। तर विडम्बना गाउँमा युवा छैनन्। राज्यले युवालाई गाउँमा नै आयआर्जनको अवसर सिर्जना गर्ने ठोस कार्यनिति बनाउनुपर्नेमा आर्थिक वर्ष २०८३/०८४ को बजेटमा उल्लेखित क्षेत्रमा परिणाममुखी काम गर्न प्रस्ट भिजन तथा बजेट विनियोजन गर्न सकेन।

अन्त्यमा विकासको जतिसुकै नारा लगाए पनि आर्थिक समृद्धिका लागि विधिको शासन, दण्डहीनताको अन्त्य, भ्रष्टचारमा शून्य सहनशीलताको नीति आवश्यक ठानिन्छ।  अल्पकालीन र दीर्घकालीन विकास योजना, मिजासिला र सेवामुखी कर्मचारी, हाम्राभन्दा राम्रा व्यक्तिलाई जिम्मेवारी, राम्रो काम गर्नेलाइ बढुवा र नराम्रो गर्नेलाई तत्काल खोसुवा गर्ने नीति अपनाउन आवश्यक हुन्छ। यसो हुन नसकेमा फेरि पनि पहिलेका सरकारजस्तै भुपि शेरचनको कवितामा भनिएजस्तो 'घुम्ने मेचमाथि अन्धो मान्छे'को अवस्था देख्न र सहन नागरिक बाध्य हुनुपर्नेछ। देश कुहिरोको कागजस्तै दिशाविहीन हुनेछ। जनताले नचाहँदानचाहँदै पनि सरकारको कार्यशैली घुम्दैफिर्दै रुम्जाटार भन्ने लोकोक्तिसँग मेल खान पुग्नेछ। जनतालाइ माछो-माछो भ्यागुतो हुनेछ। यसो नहोस्। राज्यले जनअपेक्षाअनुरूप काम गर्न सकोस्।

# सोह्रश्राद्धको धार्मिक तथा आध्यात्मिक महत्त्व

संस्कृति



● विश्वनाथ खरेल

*सोह्रश्राद्ध दिवंगत पूर्वजप्रति कृतज्ञता र श्रद्धा व्यक्त गर्ने पवित्र धार्मिक अनुष्ठान हो। पितृऋणबाट मुक्ति, आत्माको शान्ति, सांस्कृतिक परम्पराको निरन्तरता र पारिवारिक कल्याणका लागि तीन पुस्तासम्मका पितृहरूलाई स्मरण गर्दै तर्पण र पिण्डदान गरी यो पर्व मनाइन्छ।*

हिन्दु धर्म र संस्कृतिमा पितृपक्ष अर्थात् सोह्रश्राद्ध एउटा अत्यन्त पवित्र, गम्भीर र महत्त्वपूर्ण धार्मिक अनुष्ठान मानिन्छ। आश्विन कृष्ण पक्षको प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्मका लगभग १६ दिनको अवधिलाई पितृपक्ष, महालय श्राद्ध वा पार्वण श्राद्ध भनिन्छ। एक पक्षमा सामान्यतया १५ तिथि हुन्छन् तर भाद्र शुक्ल पूर्णिमादेखि आश्विन कृष्ण औंसीसम्मका १६ तिथि समेटिने भएकाले यसलाई सोह्रश्राद्ध भनिएको हो। चन्द्रमानअनुसार चन्द्रमाको गति र तिथिका आधारमा मनाइने यी दिनहरूमा दिवंगत पितृहरूको आत्माको शान्ति, तृप्ति र मोक्षका लागि तर्पण, पिण्डदान, सिदादान र श्राद्धकर्म गरिन्छ। धार्मिक विश्वासअनुसार सूर्य कन्या राशिमा प्रवेश गरेपछि (दक्षिणायन कालमा) पितृहरू आफ्ना सन्तानको घरमा आशा र श्रद्धाको अपेक्षा लिएर आउँछन्। गरुड पुराण, पद्मपुराण, मनुस्मृति र अन्य विभिन्न धर्मशास्त्रहरूमा यस समयमा गरिएको श्राद्धको विशेष फल र महत्त्वबारे विस्तृत चर्चा गरिएको पाइन्छ।

सोह्रश्राद्ध गर्नुका पछाडि बहुआयामिक धार्मिक, आध्यात्मिक, सांस्कृतिक र सामाजिक कारण रहेका छन्। हिन्दु दर्शनअनुसार मानिस जन्मँदै तीनवटा मुख्य ऋणबाट बाँधिएको हुन्छ- देवऋण, ऋषिऋण र पितृऋण। हाम्रा पूर्वजहरूले हामीलाई दिएको जीवन, शरीर, संस्कार, कुलधर्म, सम्पत्ति र संरक्षणप्रति कृतज्ञता व्यक्त गर्दै पितृऋणबाट मुक्त हुन श्राद्धकर्म अनिवार्य मानिन्छ। शास्त्रहरूमा भनिएको छ कि पितृहरूलाई तर्पण र पूजा गरेपछि मात्र देवताहरूको पूजाले पूर्णता पाउँछ। पितृहरू प्रसन्न र तृप्त भएमा परिवारमा दीर्घायु, सुयोग्य सन्तान, कीर्ति, धनधान्य, आरोग्य र सुखशान्ति प्राप्त हुन्छ भन्ने दृढ विश्वास छ।

यसको अर्को मुख्य उद्देश्य दिवंगत आत्माको शान्ति र मोक्ष प्राप्ति हो। मृत्युपश्चात् जीवको सूक्ष्म शरीर पितृलोकमा जाने र त्यहाँ तीन पुस्तासम्मका पितृहरू रहने मानिन्छ। श्राद्धकर्ममा अर्पण गरिने पिण्ड र तर्पणले उनीहरूको सूक्ष्म शरीरलाई पोषण दिन्छ र उनीहरूलाई उच्च लोक वा मोक्षको मार्गमा अघि बढ्न मद्दत पुऱ्याउँछ। यदि समयमा श्राद्ध गरिएन भने पितृहरू अतृप्त भई परिवारमा पितृदोष उत्पन्न हुने र त्यसका कारण वंश वृद्धिमा अड्चन, आर्थिक अभाव, दुर्घटना, रोगव्याधि तथा पारिवारिक कलहजस्ता समस्या आउने धार्मिक मान्यता छ।

पौराणिक कथनअनुसार महाभारतका प्रसिद्ध पात्र दानवीर कर्णको कथा यस अनुष्ठानसँग जोडिएको छ। कर्णले आफ्नो जीवनभर सुन, चाँदी, भूमि र बहुमूल्य वस्तुहरू मात्र दान गरे तर कहिल्यै अन्न वा जल पितृहरूका नाममा दान गरेनन्।



मृत्युपछि स्वर्ग पुग्दा उनलाई भोजनका रूपमा केवल सुन र चाँदी मात्र प्राप्त भयो। कर्णले यसबारे जिज्ञासा राख्दा देवराज इन्द्रले उनले जीवनभर पितृहरूलाई अन्न र जल अर्पण नगरेको हुनाले यस्तो भएको बताए। त्यसपछि कर्णलाई आफ्नो गल्ती सुधार गर्न १६ दिनका लागि पृथ्वीमा फर्काउने अनुमति दिइयो। पृथ्वीमा आएर कर्णले ती १६ दिनमा आफ्ना पितृहरूका नाममा अन्न र जल अर्पण गरी तर्पण गरे। सोही समयदेखि नै १६ दिनको पितृपक्ष वा सोह्रश्राद्धको परम्परा सुरुआत भएको पौराणिक विश्वास छ।

**श्राद्धका हकदार र तिनको दायरा**

सोह्रश्राद्ध मूलतः आफ्ना दिवंगत पूर्वजहरूप्रति समर्पित अनुष्ठान हो। शास्त्रीय विधान अनुसार श्राद्धमा मुख्य रूपमा तीन पुस्तासम्मका पितृहरूलाई पिण्डदान गरिन्छ। जब चौथो पुस्ता आउँछ, पहिलो पुस्ताका पितृहरू पितृलोकबाट मुक्त भई स्वर्ग वा अन्य गतिमा विलीन हुने मान्यता छ।

श्राद्धकर्ममा आफ्ना पिता, माता, बाजे, बज्यै, परबाजे र परबज्यैलाई विशेष रूपमा सम्झिइन्छ। यसका साथै मावलीतर्फका हजुरबुबा, हजुरआमालगायत तीन पुस्ता, फुपू, मामा, सासू, ससुरा, आफ्ना गुरु, दाजुभाइ तथा अन्य नजिकका दिवंगत आफन्तका नाममा पनि तर्पण र पिण्डदान अर्पण गर्ने विधान छ। यति मात्र नभई, जसको कोही सन्तान वा हकदार छैनन् अथवा जो अज्ञात रूपमा दिवंगत भएका छन्, त्यस्ता सम्पूर्ण अज्ञात पितृहरूको उद्धारका लागि पनि महालय औँसीका दिन विशेष श्राद्ध र तर्पण गर्ने परम्परा छ।

**श्राद्धको शास्त्रीय विधि र प्रक्रिया**

श्राद्ध गर्ने मुख्य जिम्मेवारी जेठो छोरा वा पितृतर्फका पुरुष सन्तानको हुन्छ। छोरा नभएको अवस्थामा नाति, भतिजा, ज्वाइँ वा छोरीले पनि श्राद्ध गर्न सक्ने कानुनी र शास्त्रीय छुट छ। मातृपक्षका लागि छोरीको छोरा अर्थात् नाति विशेष उपयुक्त मानिन्छ।

श्राद्ध सुरु हुनुभन्दा एक दिनअघि (देउराउनी वा एकछाकीका दिन) कर्ताले कपाल मुण्डन गरी, नङ काटेर, नुहाइधुवाइ गरी पूर्ण सात्विक आहार लिनुपर्छ। श्राद्धको दिन मध्याह्नपछि अर्थात् अपराह्नकालमा शुद्ध वस्त्र धारण गरी दक्षिण दिशातर्फ फर्किएर श्राद्धकर्म सम्पादन गरिन्छ। तर्पणका लागि तामाको भाँडोमा जल, कालो तिल, जौ र कुशको प्रयोग गरिन्छ। पिण्डदान गर्दा चामलको पिठो वा चामल, दूध, घिउ, मह र तिल मिसाएर पकाइएको पिण्ड तयार गरी पितृहरूलाई भक्तिपूर्वक अर्पण गरिन्छ।

श्राद्धकार्य सम्पन्न भएपछि विधिपूर्वक ब्राह्मणलाई सिदादान, वस्त्र, दक्षिणा र भोजन गराइन्छ। त्यसपछि पञ्चबली अर्थात् गाई, कौवा, कुकुर, कमिला र देवतातर्फ भोजनको भाग छुट्ट्याएर खुवाउनुपर्छ। विशेषगरी कौवालाई पितृको सन्देशवाहक र गाई तथा कुकुरलाई पवित्र प्राणी मानिने हुनाले उनीहरूलाई खुवाइने भोजनले पितृसम्म तृप्ति पुग्छ भन्ने विश्वास छ। श्राद्ध आफ्नै घरमा वा पशुपति, देवघाट, बराहक्षेत्र, रिडी, मुक्तिनाथ, बेत्रावतीजस्ता पवित्र तीर्थस्थलमा गर्नुपर्छ, अर्काको घरमा गएर श्राद्ध गर्न भने निषेध गरिएको छ।

**आधुनिक सन्दर्भ र प्रासंगिकता**

आजको आधुनिक र व्यस्त जीवनशैलीका कारण धेरै मानिसहरूले श्राद्धकर्मलाई केवल एउटा बोझ वा औपचारिकतामा सीमित गर्न थालेको देखिन्छ। कतिपयले समयाभावका कारण यसलाई छोट्याउने वा छल्ने प्रयास पनि गर्छन्। तर पद्मपुराण र मनुस्मृतिजस्ता ग्रन्थहरूमा श्राद्ध विधिभन्दा पनि कर्ताको श्रद्धा, भक्ति र भावना मुख्य हुने उल्लेख छ।

विदेशमा बस्ने, कडा पेसागत व्यस्ततामा रहेका वा शारीरिक रूपमा अशक्त व्यक्तिहरूका लागि पनि शास्त्रले विभिन्न विकल्प दिएको छ। पण्डितमार्फत संकल्प गराएर, ब्राह्मण भोजन गराएर, तिल र जलले मात्र तर्पण दिएर वा पितृहरूको नाममा सामाजिक कार्यमा दान गरेर पनि पितृभक्ति व्यक्त गर्न सकिन्छ।

मूलतः सोह्रश्राद्धले हामीलाई हाम्रो समाज, संस्कृति र परिवारको अस्तित्व हाम्रा पूर्वजहरूको त्याग र मिहिनेतमा टिकेको छ भन्ने दायित्वबोध गराउँछ। यसले पुस्तान्तरको सम्बन्धलाई जोड्दै जीवनमा अनुशासन, शुद्धता र कृतज्ञताको पाठ सिकाउँछ। त्यसैले प्रत्येक हिन्दु गृहस्थले यसलाई धर्म र संस्कारका रूपमा मनैदेखि स्वीकार गरी श्रद्धापूर्वक सम्पन्न गर्न आवश्यक छ।

इतिहासको पाना ● सुनिल उलक

## कमलपोखरी पुरेर बनाइएको दशरथ रंगशाला



राजा रणबहादुर शाहको निधनपछि उनकी रानी ललित त्रिपुरासुन्दरीले पतिको स्मृतिमा त्रिपुरेश्वर महादेवको मन्दिर बनाइन्। यही मन्दिरको नामबाट यस ठाउँको नाम 'त्रिपुरेश्वर' रहन गएको हो। राणा प्रधानमन्त्री चन्द्रशमशेरले सिंहदरबारभित्र 'ग्यालरी बैठक' बनाउँदा यसै मन्दिरका दुईवटा ढुंगाका सिंह र विशाल ढोका निकालेर त्यहाँ राख्न लगाएका थिए।

वि.सं. २०१३ मा राजा महेन्द्रको राज्याभिषेकका क्रममा त्रिपुरेश्वरनजिकै रहेको कमलपोखरी पुरेर रंगशाला बनाइयो। यही रंगशालालाई आज हामी दशरथ रंगशालाका रूपमा चिन्दछौं। नेवारी भाषामा 'फिब्बः ख्यः' अर्थात् बालुवा भरिएको चौर भनेर चिनिने हालको माइतीघर कुनै बेला बागमती किनारको बालुवा थुप्रिने क्षेत्र थियो। पछि चर्चित नेपाली चलचित्र माइतीघरको छायांकनका क्रममा यहाँको एक घरमा कार्यालय राखियो। घरबाहिर ठुला अक्षरमा 'माइतीघर' लेखिएको साइनबोर्ड झुन्ड्याइएपछि बिस्तारै यो सिंगो क्षेत्रकै नाम 'माइतीघर' रहन गयो।

बागमती किनारमा अमेरिकी पेन्टागन भवनको शैलीमा वरिपरि मठहरू बनाएर बीचमा कालमोचन महादेवको मन्दिर स्थापना गरिएको छ। यसै मन्दिरनजिकै रहेको बागमतीको घाटलाई कालमोचन घाट भनिन्छ।

पुराना तस्बिरहरूसँग तुलना गर्दा कुनै बेला बागमती नदीको बहावका लागि खुला छाडिएको किनार अहिले अतिक्रमण भई साँघुरिएको छ। कुनै समय खेतका खाली बाटो रहेको थापाथली क्षेत्र अहिले बाक्ला सडक र घरहरूले भरिएको छ। यसरी खोला मिचेर संरचना बनाउँदा बागमती साँघुरिँदै गएको छ, जसले भविष्यमा जोखिम निम्त्याउन सक्छ। नारायणहिटी दरबारभित्र देखिएर बाहिर हराएको भनिने इच्छुमती (टुकुचा) खोला त्रिपुरेश्वरतिर पनि ठुलै देखिन्थ्यो। तर अतिक्रमणका कारण अहिले यहाँ पनि यो खोला प्रायः हराएजस्तै बनेको छ। यो खोला अन्ततः कालमोचन महादेव मन्दिरनजिकै पुगेर बागमतीमा मिसिन्छ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ। तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ। – सं.

# लालबकैया नदीको बाढीले मौलापुरको तटबन्ध तीव्र कटान
# दर्जनौं बस्ती उच्च जोखिममा



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ११ असोज

अविरल वर्षाका कारण रौतहटको लालबकैया नदीमा आएको भीषण बाढीले मौलापुर नगरपालिका-२ स्थित मर्यादपुरमा रहेको तटबन्धमा तीव्र कटान सुरु गरेको छ। नदीको बहाव एक्कासी बढेपछि तटबन्ध फुटेर बस्ती तथा खेतीयोग्य जमिन जलमग्न हुने खतरा बढेको छ।

नदीले तटबन्धका संवेदनशील स्थानहरूमा कटान तीव्र बनाएको छ। यदि समयमै कटान नियन्त्रण गर्न नसकिए तटबन्ध भत्किएर भीषण विनाश हुन सक्ने र हजारौं बिघा जमिन तथा दर्जनौं बाक्लो मानव बस्ती बाढीको चपेटामा पर्ने स्थानीयको भनाइ छ।

कटानको गम्भीर अवस्था र सम्भावित जोखिमलाई मध्यनजर गर्दै प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद पौडेल, जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सीताराम रिजाल र राष्ट्रिय अनुसन्धान कार्यालय रौतहटका प्रमुख कुमार बुढाथोकी सहितको सुरक्षा टोली तथा मौलापुर नगरपालिकाकी नगर प्रमुख रिना साहले आइतबार कटान प्रभावित मर्यादपुर तटबन्ध क्षेत्रको स्थलगत निरीक्षण गरेका छन्।

निरीक्षणका क्रममा प्रमुख जिल्ला अधिकारी पौडेलले मर्यादपुरस्थित तटबन्ध कमजोर भई भत्किएमा मौलापुर, गम्हरिया, बरगिनिया, शीतलपुर, सन्तपुर र पेटभरवासहितका आसपासका दर्जनौं बस्ती प्रत्यक्ष रूपमा प्रभावित हुने जोखिम रहेको बताए।

यसैगरी फतुवा पुल नजिकै रहेको भगवानपुर क्षेत्रको तटबन्धमा क्षति पुगेमा बाढीको प्रत्यक्ष असर जिल्लाको सदरमुकाम गौरसम्म पर्न सक्ने उच्च प्रशासनिक आकलन रहेको छ। सोही कारण स्थानीय प्रशासनले नदी आसपासका सम्पूर्ण जोखिमयुक्त क्षेत्रहरूलाई उच्च प्राथमिकतामा राखी कडा निगरानी सुरु गरेको जनाए।

विपद्बाट हुन सक्ने सम्भावित भौतिक तथा मानवीय क्षति न्यूनीकरणका लागि जिल्लास्थित सम्पूर्ण सुरक्षा निकायहरूलाई उच्च सतर्क अवस्थामा राखिएको छ। नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोलीलाई कटान क्षेत्रमा खटाइएको छ। सुरक्षाकर्मीहरूले तटबन्धको अवस्था नदीको जलस्तर र बहावको गतिबारे २४सै घण्टा निरन्तर अनुगमन गरिरहेका छन्।

प्रशासनले नदी आसपास र तटबन्ध क्षेत्रमा बसोबास गर्ने सर्वसाधारणलाई विशेष सावधानी अपनाउन अपिल गरेको छ। नदीको बहाव निरन्तर बढ्दै गएकाले जोखिमयुक्त क्षेत्रमा अनावश्यक आवतजावत नगर्न स्थानीय प्रशासन तथा बाढी पूर्वसूचना प्रणालीका सूचनाहरूमा ध्यान दिन र जोखिम बढेमा तत्काल सुरक्षित स्थलतर्फ स्थानान्तरण हुन आग्रह गरिएको छ।

लगातारको वर्षा जारी रहेकाले लालबकैया नदीको जलस्तर थप माथि उठ्न सक्ने र यसले तटबन्धमा थप दबाब सिर्जना गर्ने सम्भावना रहेको छ। स्थिति नियन्त्रण बाहिर जान नदिन र बस्तीहरू सुरक्षित राख्न प्रशासनले आपत्कालीन उद्धार निगरानी र सुरक्षा परिचालनलाई थप कडा र प्रभावकारी बनाएको छ।

# फेवातालमा उच्च क्षमताको 'जेटस्की' उद्धार डुंगा सञ्चालन




**कास्की/मस**–पोखराको प्रमुख पर्यटकीय गन्तव्य फेवातालमा आपत्कालीन तथा शीघ्र उद्धारका लागि उच्च क्षमताको 'जेटस्की' उद्धार बोट (डुंगा) सञ्चालनमा ल्याइएको छ। फेवातालमा हुन सक्ने सम्भावित दुर्घटना तथा आपत्कालीन अवस्थामा शीघ्र उद्धार गर्ने उद्देश्यले आइतबारदेखि सञ्चालनमा ल्याइएको उक्त बोट प्रतिघण्टा १०५ किमी गतिमा सञ्चालन हुन्छ।

विश्व पर्यटन दिवसको अवसर पारेर उद्धार बोट सञ्चालनमा ल्याइएको हो। संयुक्त अरब इमिरेट्स (युएई)ले विपद् उद्धारका लागि सशस्त्र प्रहरी बललाई उपलब्ध गराएका दुई वटा बोटमध्ये एउटा पोखराको फेवातालमा ल्याइएको सशस्त्र प्रहरी बल, कालिका गण पोखराका गणपति प्रहरी उपरीक्षक वसन्तबहादुर सिंहले जानकारी दिए। उनका अनुसार उक्त बोट फेवातालमा स्थापना गरिएको सशस्त्र प्रहरीको रेस्क्यु टावरमा खटिएको सुरक्षा टोलीसँग रहनेछ। पानीमा तीव्र गतिमा आवतजावत, 'वाटर सर्च', 'रेस्क्यु', आपत्कालीन उद्धार तथा 'वाटर पेट्रोल'का लागि बोट उपयोगी हुने उनले बताए।

'फेवातालमा स्थापना गरिएको सशस्त्र प्रहरीको उद्धार टोलीले आवश्यकताअनुसार उक्त बोट प्रयोग गरी उद्धार कार्य गर्नेछ। उच्च गतिमा पानीमा आवतजावत गर्न सक्ने भएकाले दुर्घटना वा आपत्कालीन अवस्थामा उद्धार टोलीलाई घटनास्थलमा छिटो पुग्न सहयोग पुग्नेछ', प्रहरी उपरीक्षक सिंहले भने। बोटको शुभारम्भ गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले फेवातालमा हुन सक्ने सम्भावित दुर्घटना तथा आपत्कालीन अवस्थामा उद्धार कार्यलाई थप छिटो, सुरक्षित र प्रभावकारी बनाउन उद्धार बोटले महत्वपूर्ण सहयोग पुग्ने बताए।

'फेवातालमा आउने छालको पूर्वअनुमान गर्न नसकिएको भएकाले आपत्कालीन अवस्थामा छिटो उद्धार गर्न सकिने उच्च क्षमताको बोट सञ्चालनमा आउनु फेवातालको सुरक्षा व्यवस्थाका लागि महत्त्वपूर्ण उपलब्धि हो। पोखरा आउने स्वदेशी तथा विदेशी पर्यटकको सुरक्षा पहिलो प्राथमिकता दिएका छौं' प्रमुख आचार्यले भने। प्रमुख आचार्यले फेवातालमा आउने पर्यटकलाई सुरक्षित वातावरण प्रदान गर्नु पर्यटन प्रवर्द्धनसँगै स्थानीय सरकारको महत्त्वपूर्ण दायित्व भएको उल्लेख गर्दै सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन सम्बन्धित निकायबीच सहकार्य आवश्यक रहेको बताए।


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति: २०८३/०६/१२**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटीपथ, दरवारमार्ग, काठमाडौंबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीहरुलाई मिति वि.सं. २०८३/०३/०३ को अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटीपथ, दरवारमार्ग, काठमाडौंमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**१. कर्जा शिर्षक : सिटिजन्स सवारी कर्जा, सिटिजन्स माग कर्जा, सिटिजन्स आवधिक कर्जा र अन्य कर्जा**

**ऋणीको नाम र ठेगाना**
नाम : बैकुण्ठ आचार्य
बाबु : टोक प्रसाद आचार्य
बाजे : खेम नाथ आचार्य
ठेगाना : समुन्द्रटार गाँउ पञ्चायत - १, नुवाकोट
हाल : बुढानिलकण्ठ न.पा.- ४, काठमाडौं
ना.प्र.नं. : ६४६८७
जारी मिति : २०४४/०४/११
जि.प्र.का : नुवाकोट

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. नाम : राधीका आचार्य
बाबु : गुण नाथ पौडेल
पति : बैकुण्ठ आचार्य
ससुरा : टोक प्रसाद आचार्य
ठेगाना : समुन्द्रटार गाँउ पञ्चायत- १, नुवाकोट
हाल : बुढानिलकण्ठ न.पा.-४, काठमाडौं
ना.प्र.नं. : ३३४८३
जारी मिति : २०४९/११/०४
जि.प्र.का : नुवाकोट

२. नाम : अनुप आचार्य
बाबु : बैकुण्ठ आचार्य
बाजे : टोक प्रसाद आचार्य
ठेगाना : दुप्चेश्वर गा.पा.-६, नुवाकोट
हाल : बुढानिलकण्ठ न.पा.- ४, काठमाडौं
ना.प्र.नं. : २५-०२-७४-०१२३०
जारी मिति : २०७४/१०/०२
जि.प्र.का : नुवाकोट

**२. कर्जा शिर्षक : सिटिजन्स आवधिक कर्जा र अन्य कर्जा**

ऋणीको नाम : आचार्य एग्रिकल्चर टुरिजम भिलेज प्रा.लि.
रजिष्टर्ड ठेगाना : वडा नं. ८ थापागाँउ, शिवपुरी गाउँपालिका, नुवाकोट
रजिष्ट्रेसन नं. : २४६००४/०७७/०७८ (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय)
पान नं. : ६०९८३७६१०

**कम्पनीको संचालक तथा जमानीकर्ताहरुको नाम र ठेगाना**

१. नाम : बैकुण्ठ आचार्य
बाबु : टोक प्रसाद आचार्य
बाजे : खेम नाथ आचार्य
ठेगाना : समुन्द्रटार गाँउ पञ्चायत -१, नुवाकोट
हाल : बुढानिलकण्ठ न.पा.-४, काठमाडौं
ना.प्र.नं. : ६४६८७
जारी मिति : २०४४/०४/११
जि.प्र.का : नुवाकोट

२. नाम : ईश्वरी भण्डारी
बाबु : टोक प्रसाद आचार्य
पति : हरिकेशव भण्डारी
बाजे : खेम नाथ आचार्य
ठेगाना : थान्सिङ्ग -३, नुवाकोट
हाल : नार्गाजुन न.पा. -३, काठमाडौं
ना.प्र.नं. : २५२०
जारी मिति : २०४६/०२/२३ प्रथम प्रतिलिपि २०६२/०७/०१
जि.प्र.का : नुवाकोट

३. नाम : अनिता अधिकारी (कठायत)
बाबु : मदन कुमार अधिकारी
पति : हिक्मत सिंह कठायत
ससुरा : सत्तल सिंह कठायत
ठेगाना : चन्दननाथ -७, जुम्ला
हाल : का.म.न.पा.- ३१, काठमाडौं
ना.प्र.नं. : ४१७६९/११६३/४७२८८
जारी मिति : २०५७/१०/०४ प्रथम प्रतिलिपि २०७१/१०/०५
जि.प्र.का : काठमाडौं

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. नाम : राधीका आचार्य
बाबु : गुण नाथ पौडेल
पति : बैकुण्ठ आचार्य
ससुरा : टोक प्रसाद आचार्य
ठेगाना : समुन्द्रटार गाँउ पञ्चायत -१, नुवाकोट
हाल : बुढानिलकण्ठ न.पा.- ४, काठमाडौं
ना.प्र.नं. : ३३४८३
जारी मिति : २०४९/११/०४
जि.प्र.का : नुवाकोट

२. नाम : अनुप आचार्य
बाबु : बैकुण्ठ आचार्य
बाजे : टोक प्रसाद आचार्य
ठेगाना : दुप्चेश्वर गा.पा.- ६, नुवाकोट
हाल : बुढानिलकण्ठ न.पा.- ४, काठमाडौं
ना.प्र.नं. : २५-०२-७४-०१२३०
जारी मिति : २०७४/१०/०२
जि.प्र.का : नुवाकोट

**३. कर्जा शिर्षक : सिटिजन्स आवधिक कर्जा र अन्य कर्जा**

ऋणीको नाम : डाँफे कृषि तथा पशुपालन फर्म प्रा.लि.
रजिष्टर्ड ठेगाना : वडा नं. ८ थापागाँउ, शिवपुरी गाउँपालिका, नुवाकोट
रजिष्ट्रेसन नं. : २८०९०७/०७८/०७९ (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय)
पान नं. : ६१०१८५६७२

**कम्पनीको संचालक तथा जमानीकर्ताहरुको नाम र ठेगाना**

नाम : राधीका आचार्य
बाबु : गुण नाथ पौडेल
पति : बैकुण्ठ आचार्य
ससुरा : टोक प्रसाद आचार्य
ठेगाना : समुन्द्रटार गाँउ पञ्चायत -१, नुवाकोट
हाल : बुढानिलकण्ठ न.पा.- ४, काठमाडौं
ना.प्र.नं. : ३३४८३
जारी मिति : २०४९/११/०४
जि.प्र.का : नुवाकोट

२. नाम : अनुप आचार्य
बाबु : बैकुण्ठ आचार्य
बाजे : टोक प्रसाद आचार्य
ठेगाना : दुप्चेश्वर गा.पा. -६, नुवाकोट
हाल : बुढानिलकण्ठ न.पा.-४, काठमाडौं
ना.प्र.नं. : २५-०२-७४-०१२३०
जारी मिति : २०७४/१०/०२
जि.प्र.का : नुवाकोट

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. नाम : बैकुण्ठ आचार्य
बाबु : टोक प्रसाद आचार्य
बाजे : खेम नाथ आचार्य
ठेगाना : समुन्द्रटार गाँउ पञ्चायत- १, नुवाकोट
हाल : बुढानिलकण्ठ न.पा.- ४, काठमाडौं
ना.प्र.नं. : ६४६८७
जारी मिति : २०४४/०४/११
जि.प्र.का : नुवाकोट

३. नाम : टोक प्रसाद आचार्य
बाबु : खेम नाथ आचार्य
बाजे : रामनाथ आचार्य
ठेगाना : समुन्द्रटार गाँउ पञ्चायत -१, नुवाकोट
हाल : बुढानिलकण्ठ न.पा.-४, काठमाडौं
ना.प्र.नं. : ४१८९
जारी मिति : २०२९/०१/०७
जि.प्र.का : नुवाकोट

**धितो राखिएको सम्पत्तिको विवरण**

**१. धितो सुरक्षण धनीको नाम :- सिटिजन्स बैंक इन्टरनेसनल लि. धनी कायम भई ऋणी बैकुण्ठ आचार्य भएको सवारी।**

| सवारीको मोडेल | चेसिस नं. | ईन्जिन नं. | दर्ता.न. | बनेको साल |
|---|---|---|---|---|
| Nissan Urvan NV350 | JN1UC4E26Z0003106 | YD25-371454A | बा ३ ख ८२६६ | २०१५ |
| Nissan Urvan NV350 | JN1UC4E26Z0003102 | YD25-371270A | बा ३ ख ८२६७ | २०१५ |
| Nissan Urvan NV350 | JN1UC4E26Z0003531 | YD25380781A | बा ४ ख १२५६ | २०१५ |
| Nissan Urvan NV350 | JN1UC4E26Z0003856 | YD25-386404A | बा ४ ख १५२१ | २०१५ |
| Nissan Urvan NV350 | JN1UC4E26Z0003796 | YD25384962A | बा ४ ख २२९८ | २०१५ |
| Nissan Urvan NV350 | JN1UC4E26Z0003781 | YD25-384663A | बा ४ ख २३०० | २०१५ |
| Nissan Urvan NV350 | JN1UC4E26Z0003243 | YD25-375534A | बा ४ ख ३९९ | २०१५ |
| Nissan Urvan NV350 | JN1UC4E26Z0004991 | YD25-406878A | बा ४ ख ६२२६ | २०१६ |
| Nissan Urvan NV350 | JN1UC4E26Z0005002 | YD25-4069992A | बा ४ ख ६२२७ | २०१६ |

**२. माथि उल्लेखित ऋणीहरु आचार्य एग्रिकल्चर टुरिजम भिलेज प्रा.लि. र डाँफे कृषि तथा पशुपालन फर्म प्रा.लि. ले लिएको ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण**

**धितो सुरक्षण धनीको नामः- राधीका आचार्य**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं./नक्सा सिट | कि.नं. | क्षेत्रफल (रोपनी) | कैफियत |
|---|---|---|---|---|---|
| काठमाडौं | विष्णु (बुढानिलकण्ठ) | ४/४ | २४८६ | ०-२-२-१ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत। |
| | | | २४९० | ०-०-१-३ | |

**३. माथि उल्लेखित ऋणी डाँफे कृषि तथा पशुपालन फर्म प्रा.लि.ले लिएको ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण**

**धितो सुरक्षण धनीको नामः- टोक प्रसाद आचार्य**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं./नक्सा सिट | कि.नं. | क्षेत्रफल (रोपनी) | कैफियत |
|---|---|---|---|---|---|
| नुवाकोट | राउतबेसी | ७/७ | ७५१ | ६-७-१-३ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत। |
| | | | ७४९ | ५-०-३-१ | |
| | | | ७५३ | ४-४-०-२ | |
| | | | ७५० | ६-६-०-३ | |

माथि उल्लेखित चल/अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पुर्ण रकम कलम (Entire Receivables) सहित।

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८३/०६/२७ गते, मंगलबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटीपथ, दरवारमार्ग, काठमाडौं।**

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL



## युएईमा रोजगार

कम्पनी : SOBHA AL SINIYA FZC — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८३/०५/०४ — चलानी नं.: ६०२६००४९ — LT. No.: 346779 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | .scaffolder | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ६२४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | All Mason | 40 | 0 | | 1500 | ६२४९० | | | | | | | |
| 3. | Black Smith /steel Fixer | 20 | 0 | | 1500 | ६२४९० | | | | | | | |
| 4. | Carpenter-shuttering | 20 | 0 | | 1500 | ६२४९० | | | | | | | |
| 5. | Construction Labour & Helper | 100 | 0 | | 1000 | ४१६६० | | | | | | | |

अन्तर्वार्ता न्यु रामजानकी ट्रेनिङ सेन्टर, जनकपुरमा २०८३ असोज २० र २५ गते (6 & 11 October 2026) मा हुनेछ।
अन्तर्वार्ता शैलेश ट्रेनिङ सेन्टर, सिरहामा २०८३ असोज २१ गते (7 October 2026) मा हुनेछ।
अन्तर्वार्ता तराई ओभरसिज ट्रेनिङ सेन्टर, लहान, सिरहामा २०८३ असोज २२ गते (8 October 2026) मा हुनेछ।
अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरी, सुनसरीमा २०८३ असोज २३ गते (9 October 2026) मा हुनेछ।
अन्तर्वार्ता अक्टोपस ट्रेनिङ सेन्टर, दमक, झापामा २०८३ असोज २४ गते (10 October 2026) मा हुनेछ।
अन्तर्वार्ता बुटवल मल्टिपल ट्रेनिङ सेन्टर, तिलोत्तमा नगरपालिकामा २०८३ असोज २६ गते (12 October 2026) मा हुनेछ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २७ गते (13 October 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Sky Star Recruitment Pvt.Ltd.** श्रम इजाजत नं. १०७८/०७३/०७४
Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902344, 5902345,9861482956 (Sabbir Ahmed Hussain)
PO Box no: 19122, Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

## यूएईमा रोजगार

कम्पनीः HEMAYA SECURITY SERVICES-L.L.C-S.P.C — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८३/०६/१० — चलानी नं.: ६०२६१६९४ — L.T. No.: 348544

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 150 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ८३,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard - Dps | 50 | 0 | | 1200 | ४९,९९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १९ र २० गते (5 & 6 October 2026) मा हुनेछ।
अन्तर्वार्ता होटल दिब्या श्री, कास्की, पोखरामा २०८३ असोज १९ र २० गते (5 & 6 October 2026) मा हुनेछ।
अन्तर्वार्ता होटल रेड कार्पेट, चितवन, भरतपुरमा २०८३ असोज १९ र २० गते (5 & 6 October 2026) मा हुनेछ।
अन्तर्वार्ता होटल इन टुरिष्ट, सुनसरी, इटरीमा २०८३ असोज १९ र २० गते (5 & 6 October 2026) मा हुनेछ।

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ।
★ उमेर २२ बर्ष देखि ३८ बर्ष ननाघेको र उचाई पुरुषको हकमा ५ फिट ७ ईन्च भन्दा माथि र महिलाको हकमा ५ फिट २ ईन्च हुनुपर्नेछ।
★ Civil, Ex-Army, Police मा कम्तीमा ३ वर्षको अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**STARIS HR SERVICES PVT. LTD.** श्रम इजाजत नं. १३२४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762
CONTACT NO.: 9851336470 | 9802320574 | 9802320575

## कतारमा रोजगार

कम्पनीः HOME CARE CENTER — शहर : Doha
पूर्व स्वीकृत मितिः २०८२/१०/१२ — चलानी नं.: ६०२५१२९५ — LT. No.: 337615 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Healthcare Assistant Females | 0 | 3 | स. काममा दक्ष | 2000 | ८४००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८३ असोज १९ गते (5 October 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**EMPOWER H.R SOLUTION PVT. LTD.** Gov. Lic No. 1708/081/082
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265,
Email: empowerhrsolution28@gmail.com, Sujan Shrestha Contact No : 9851400810, Shiv Sundar Chaudhary : 9803043906

## साइप्रसमा रोजगार

कम्पनीः ANSOT EMPLOYMENT SERVICES LIMITED — शहरः CYPRUS,AYIA NAPA
पूर्व स्वीकृत मितिः २०८३/०२/१८ — चलानी नं.: ६०२५६१२९ — LT. No.:342809 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 20 | 0 | स. काममा दक्ष | 900 | १५६८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CONSTANTINA ELENA PIRILLOU-LIC NO.363 — शहर : CYPRUS
पूर्व स्वीकृत मितिः २०८३/०३/२९ — चलानी नं.: ६०२५८१३५ — LT. No.:344895 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/waitress | 0 | 10 | सम्बन्धित काममा दक्ष | 800 | १३९४५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Worker | 15 | 0 | | 800 | १३९४५६ | | | | | | | |

कम्पनी : MC RECRUITMENT AGENCY — शहर : CYPRUS
पूर्व स्वीकृत मितिः २०८३/०३/२८ — चलानी नं.: ६०२५८१३७ — LT. No.:344800 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1018 | १७७४५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter/waitress | 2 | 2 | | 700 | १२२०२४ | | | | | | | |
| 3. | Chambermaid | 5 | 15 | | 1000 | १७४३२० | | | | | | | |

अन्तर्वार्ता हिल्टन एकेडेमी अफ होटल म्यानेजमेन्ट एण्ड क्युलिनरी आर्ट्स काठमाडौंमा २०८३ असोज २१ गते (7 October 2026) मा हुनेछ।
अन्तर्वार्ता होटल आनन्द काठमाडौंमा २०८३ असोज २२ गते (8 October 2026) मा हुनेछ।

Note : Gulf Experience/Abroad Experience अथवा Nepal ma 5 star hotel मा काम गरेका व्यक्तीहरुले मात्र सर्म्पक गर्नुहुन अनुरोध गर्दछौं।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Sundar Nepal Overseas Pvt. Ltd.** Gov. Lic No. 1484/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel. 01- 4578764, 9763474143
Email: Sundarnpo@gmail.com

## कुवेतमा रोजगार

कम्पनीः ONE STOP CONSUMER DELIVERY COMPANY — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०९/१७ — चलानी नं.: ६०२३०६६३ — L.T. No.:316421 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 35 | 0 | स. काममा दक्ष | 135 | ६७,१३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १७ गते (3 October 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**OMAMA MANPOWER PVT. LTD.** Gov. Lic. No. 1422/074/075
An ISO 9001: 2015 International Standards Certified Recruiting Agency
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel: 01-4587731, 01-4581383, Whatsapp : 980-5945922 (Asmita Khanal)
E-mail: omamamanpower@gmail.com, URL : www.omamamanpower.com

यस मेनपावर कार्यालयको माथि उल्लेखित विज्ञापन मिति २०८३/०६/१० गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित हुनुपर्नेमा प्राविधिक कारणले गर्दा प्रकाशित गर्न छुटेकोले यसै सूचनालाई आधार मानी आज मिति २०८३/०६/१२ गते प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

## साइप्रसमा रोजगार

कम्पनीः DIKALO AGENCY-LIC. NO.421 — शहरः PAPHOS
पूर्व स्वीकृत मितिः २०८१/१०/१० — चलानी नं.: ६०२३१८७५ — LT. No.: 316696 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 0 | 2 | स. काममा दक्ष | 700 | १२२०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १९ गते (5 October 2026) मा हुनेछ।

